# वर्गदृष्टि

Bargadrishti Weekly साप्ताहिक









वर्ष १ अङ्क १ | २०७३ असार ६ गते सोमबार | June 20, 2016 | पृष्ठ ८ | मूल्य रु. १०|-


## क्रान्तिकारी माओवादीको राष्ट्रिय भेला

# फौजी कार्यदिशा समृद्ध गर्दै



**काठमाडौं ।** नेपाली माओवादी आन्दोलनको वैचारिक संस्थापन नेकपा (क्रान्तिकारी माओवादी) यही आषाढ ६ गतेदेखि राजधानी शहर काठमाडौंमा आयोजित ऐतिहासिक राष्ट्रिय भेलामा जुटेको छ । उतारमा रहेको नेपाली माओवादी आन्दोलनको हालको स्थितिमा माओवादी आन्दोलनका विचारक तथा अग्रज क. मोहन वैद्य 'किरण' नै अध्यक्ष रहेको यो पार्टीको राष्ट्रिय भेला मजदुर, किसान, शोषित, उत्पीडित तथा सर्वहारा वर्गको विशेष चासोको विषय त बनेको छ नै, बरु त्यो भन्दा बढी जनविरोधी तथा भ्रमको खेतीगर्नेहरूका लागि टाउको दुखाइको विषय पनि बन्न पुगेको छ । जनताका लागि आशा र जनविरोधीहरूका लागि विपत्ति बन्न पुगेको यो भेलाले लिने निर्णयहरू ऐतिहासिक तथा दूरगामी महत्वका हुने क्रान्तिकारी माओवादी निकट स्रोतले दाबी गरेको छ ।

शान्ति प्रक्रियामा आउँदै गर्दाको बखतदेखि संविधानसभाको विघटनसम्म आइपुग्दा एमाओवादीका तात्कालीन पार्टी अध्यक्ष प्रचण्डले पार्टी, जनता र क्रान्तिप्रति गद्दारी गरेको निष्कर्षसहित उक्त पार्टीबाट विद्रोह गरी नेकपा -माओवादीको गठन गरी विचार, नेतृत्व र पार्टीको रक्षा गरेको मूल नेतृत्व यही पार्टीमा रहेकाले पनि सबैको ध्यान आकृष्ट हुनु स्वभाविकै हो । त्यसमा पनि अनेक जालझेल र संसदीय माखेसाङ्लाहरू तोड्दै विचार र क्रान्तिको एक मात्र सपना बोकेर हिंडेको तात्कालीन नेकपा (एकीकृत) सँग वैचारिक सुझबुझसहित भएको एकतापछि त पार्टीभित्र घुसपैठ गरेको नवसंशोधनवाद हात धोएर नेतृत्व र एकताको विरुद्धमा लागि नै पऱ्यो । आखिर केही सिप नलागेपछि नवसंशोधनवादको आफ्नो पुरानै घरमा फिर्तिपछि क्रान्तिकारी माओवादी राष्टिय भेलामा जुटेको एक नेताले बताएका छन् ।

### फौजी कार्यदिशा समृद्ध गरिने

शान्ति प्रक्रियामा आएपछि माओवादीको फौजी कार्यदिशा लगभग नभएको अवस्थामा नै रह्यो । जनयुद्ध र जनआन्दोलनबाट प्राप्त उपलब्धिहरूको पनि यसले रक्षा गर्न सकेन र जनताले त्यसबारे बारम्बार प्रश्न गरिरहे । तर नेताले त्यसको जवाफ जनतालाई सन्तुष्ट पार्ने गरी आजसम्म दिन सकेका छैनन् । यहाँसम्म कि विचार रक्षाको प्रश्न पनि बारम्बार उठ्यो । तात्कालीन एमाओवादीबाट अलग भएर क. किरणको नेतृत्वमा नेकपा-माओवादी बनेपछि विचार रक्षाको कुरामा प्रश्न उठ्न छाड्यो । तर पनि विचारलाई समृद्ध गर्दै त्यसको प्रयोगमा जानुपर्ने अनिवार्यतालाई जनस्तरबाटै औंल्याउन थालियो । नेताहरूलाई अघि बढ्न जनताले सार्वजनिक रुपमा आग्रह पनि गरे । तर केही कुरा कार्यान्वयन गर्नलाई विचार, योजना र कार्यक्रम पनि त आवश्यक थियो । यहाँसम्म आउँदा जनताको चाहना र विचार निर्माणको कुराबीचमा बेमेल देखा परिरहेको थियो ।

तर यो राष्ट्रिय भेलाबाट त्यो अन्तरविरोधको हल गरिने बताइएको छ । माओवादी केन्द्रमा मिसिन गएका केहीले क्रान्तिकारी माओवादीले जनयुद्ध नै छाड्यो भनी अफवाह फैलाइरहेको बेला क्रान्तिकारी माओवादीले भने नेपाली विशिष्टतामा पार्टीको समृद्ध गरिन लागेको विचारअनुसार यसको फौजी कार्यदिशालाई भेलाबाटै समृद्ध गरेर अघि बढ्ने स्रोतले बताएको छ ।

पहिले जनयुद्धको जगमा जनविद्रोह र त्यसपछि मूलतः जनविद्रोह भनेर आफ्नो फौजी कार्यदिशा तय गर्दै आएको क्रान्तिकारी माओवादीले अहिले यसलाई सामान्य कार्यदिशा भन्दा अलि केही विकास गरेर अघि बढाउने सोचमा रहेको बताइएको छ । नेपाली विशिष्टतामा यसको समृद्धीकरण गरिने र यसको विशिष्ट र मूर्त रुप भेलाले तय गर्ने गरी क्रान्तिकारी माओवादीका अध्यक्ष क. किरणले यसलाई छलफल, बहस तथा त्यसपछि सापेक्ष मूर्तीकरण गरी निर्णय लिने सोच बनाएको बुझिएको छ । जनाइएअनुसार पार्टी अध्यक्षद्वारा प्रस्तुत् हुन गइरहेको राजनीतिक तथा साङ्गठनिक दस्तावेजमा वृहत छलफल र बहसका लागि नेपाली राजनीतिक, सामरिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विशिष्टताहरूलाई सुक्ष्म ढङ्गले उठान गरिएको छ ।

अहिलेसम्म प्रचलनमा रहेका फौजी मोडलहरूमा रुसको सशस्त्र विद्रोहको मोडल र चिनियाँ दीर्घकालीन जनयुद्धको मोडल नै विश्वका वर्गसङ्घर्षका मोडलहरू रहेको बेला नेपालमा ती दुवै हुबहु लागू हुन नसक्ने तर तिनीहरूका आधारभूत मान्यताभन्दा पर जान पनि नसकिने पनि एक नेताले बताए । फौजी कार्यदिशा निर्माणको यो कौतुहलता राष्ट्रिय भेलाले मेट्ने पनि ती नेताले बताए । उनका अनुसार अब क्रान्तिकारी माओवादी जनवादी क्रान्तिको तयारीमा अघि बढ्ने छ ।

### राष्टिय सभागृहमा उद्घाटन

क्रान्तिकारी माओवादीको भेलाको उद्घाटन राष्ट्रिय सभागृहमा यही आषाढ ६ गते दिउँसो २.० बजे पार्टीका अध्यक्ष क. किरणबाट हुने पार्टीस्रोतले बताएको छ । उद्घाटनका अवसरमा देशभरबाट उपस्थित हुने ८०० जना प्रतिनिधिहरू र काठमाडौं उपत्यकामा रहेका हजारौं समर्थक, शुभ चिन्तक तथा कार्यकर्ताहरूको उपस्थिति रहने जनाइएको छ । उक्त उद्घाटन अवसरमा विभिन्न पार्टीका नेताहरूलाई पनि आमन्त्रित गरिने एक नेताले वर्गदृष्टि साप्ताहिकसँग खुलासा गरे ।

### भेला ओमसाई पार्टी प्यालेसमा

उद्घाटनपछि राष्ट्रिय भेला पुरानो बानेश्वरस्थित ओमसाई पार्टी प्यालेसमा हुने बताइएको छ । बताइएअनुसार यो भेला करिब ४ दिनसम्म चल्ने छ र पार्टी अध्यक्षबाट राजनीतिक तथा साङ्गठनिक प्रतिवेदन प्रस्तुत भएपछि देशभरबाट उपस्थित प्रतिनिधिहरूको समूह विभाजन गरी जनवादी केन्द्रीयताको उच्च अभ्याससहित छलफल र बहस चल्ने छ । समूहबाट रिपोर्टिङ भएपछि त्यसलाई पारित गरिने बताइएको छ ।

## प्रकाशकीय

राष्ट्रिय स्वाधीनता, जनअधिकार र जनजीविकाको लागि नेपाली जनताले निरन्तर रुपमा संघर्ष गर्दै आइरहेका छन् । यिनै संघर्षका कारणबाट ००७ साल, ०४६ साल, ०६३ सालका परिवर्तनहरू भए । राजतन्त्र अन्त भएर गणतन्त्रको स्थापना भयो । तर यी परिवर्तन भए पनि नेपालको श्रमिक वर्ग मजदुर किसानहरूको जीवनमा आधारभूत परिवर्तन भएको छैन । उनीहरूको जीवन अझ कष्टकर बन्दै गएको छ । शोषणमा नयाँ नयाँ रुपबाट उनीहरू शोषित शोषित भइरहेका छन् । उनीहरूले वास्तविक अधिकार पनि पाइरहेका छैनन् । राष्ट्रिय स्वाधीनता माथिको खतरा पनि बढ्दै गइरहेको छ । वैदेशिक हस्तक्षेपका बहुआयामिक प्रभावहरू बढेर गएका छन् ।

एकातिर देशको अवस्था यस्तो छ भने अर्कोतिर शोषित उत्पीडित जनताहरू आफ्नो मुक्तिको लागि निरन्तर संघर्ष गर्दै अझ उच्चाइमा विकास गर्न आवश्यक छ ।

नेपालमा अहिले दक्षिणपन्थी अवसरवाद अत्यन्तै हावी भएर गएको छ । यसले जनतामा अनेक प्रकारका भ्रमहरू फिंजाइरहेको छ । सबै खाले अवसरवादको भण्डाफोर गर्दै सही मार्क्सवादी-लेनिनवादी-माओवादी धारालाई अगाडि बढाउन पनि उत्तिकै आवश्यक छ । त्यसको लागि सही मार्क्सवादीहरूले आ-आफ्नो ठाउँबाट संघर्ष गर्दै आइरहेका पनि छन् । त्यो अवस्थामा राष्ट्रिय स्वाधीनता, जनअधिकार र जनजीविकाको सुधारको लागि संघर्षलाई अझ सशक्त बनाउनुका साथै मालेमावादी आन्दोलनलाई सही दिशामा आगाडि बढाउन जरुरी छ । र, विभिन्न क्षेत्रबाट त्यसको प्रयत्न भइरहेको पनि छ । त्यही महान काममा मिडियाको क्षेत्रबाट सहयोग पुऱ्याउने उद्देश्यले वैचारिक 'वर्गदृष्टि' साप्ताहिक पत्रिका प्रकाशन गर्न गइरहेका छौं ।

हामी आफ्नो उद्देश्यमा अवीचल रहने छौं । शोषित-पीडित जनताको मुक्तिको लागि गरिने आन्दोलनको सहयोग र समर्थन गर्न आम न्यायप्रेमी जनतासँग हार्दिक अनुरोध पनि गर्दछौं ।

# वर्तमान संविधानलाई कसरी बुझ्ने ?

सेनालाई अलर्ट बनाएर कथित दोस्रो संविधानसभाबाट नेपालको एक थान संविधान घोषणा गरियो । यो संविधान जारी हुँदा एकातिर नेका, एमाले, एमाओवादी लगायतका कतिपय पार्टीहरूले दीपावली गरे भने अर्कोतिर नेकपा (क्रान्तिकारी माओवादी)लगायतले कतिपय कम्युनिष्ट पार्टीहरू, मधेशवादी पार्टीहरू, थारु लगायत आदिवासी जनजातिहरूले त्यो दिन संविधान जलाउने, ब्ल्याक आउट गर्ने कामहरू भए । देशको ठूलो हिस्सामा दिपावली भएन । अन्धकार भयो । यसरी ठूलो विवादका बीच संविधान घोषणा गरियो । संविधान घोषणा भएको दिनदेखि आन्दोलनले उग्ररुप लियो । ठूलो विवादका बीच संविधान घोषणा हुँदा भारतीय विस्तारवादले आफ्नो विस्तारवादी नीति नेपालमा लाद्ने अवसर पायो । अघोषित नाकावन्दी गऱ्यो । आन्दोलनको कारणले एकपटक संविधान संशोधन भइसक्यो तर आन्दोलन अहिले पनि जारी छ ।

यो संविधानलाई हामी कम्युनिष्टहरूले कसरी हेर्ने ? यो महत्वपूर्ण प्रश्न हो । वर्गीय समाजमा एउटा संविधानले सबै वर्गको लागि समान हित गर्न सक्दैन । शोषक वर्गको हित गर्ने संविधानले शोषित वर्गको हित गर्न सक्दैन । शोषित वर्गको हित गर्ने संविधानले शोषक वर्गको हित गर्न सक्दैन । अहिले जारी गरिएको नेपालको संविधानले कुन वर्गको हित गर्छ त ? यो संविधानले शोषक वर्ग, दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको नै पक्षपोषण गर्दछ । त्यसकारण यो संविधानमा कतिपय विषयहरू गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, आंशिक रुपमा भएपनि समानुपातिकप्रतिनिधित्व जस्ता कुराहरू सकारात्मक छन् तर मूलतः यो संविधान प्रतिक्रियावादी संविधान हो । किनभने यसले मूलतः शोषक वर्ग, दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गको नै पक्षपोषण गर्दछ ।



रामसिंह श्रीस

यस्तो संविधान जारी हुँदा शोषक वर्गको प्रतिनिधित्व गर्ने पार्टीहरूले दीपावली गर्ने कार्यक्रम ल्याउनु स्वभाविकै हो । त्यसकारण राप्रपा, नेकाले दीपावली गर्नुलाई स्वभाविक रुपमा लिन सकिन्छ । तर आफूलाई कम्युनिष्ट पार्टी भन्ने एमाले, तत्कालीन एमाओवादीले पनि यो प्रतिक्रियावादी संविधान घोषणा हुँदा दीपावली गरेर उनीहरूले पनि सर्वहारावर्गको हितमा होइन, मूलतः शोषकवर्गकै हितमा कार्य गर्छन् भन्ने प्रमाण दिएका छन् । तत्कालीन एमाओवादीका अध्यक्ष प्रचण्डले यस्तो संविधानलाई दक्षिण एशियाकै उत्कृष्ट संविधान बताएका छन् । उनीहरूको केन्द्रीय प्रकाशन विभागबाट प्रकाशित "नेपालको संविधान र हाम्रो दृष्टिकोण"मा भनिएको छ, "जारी संविधानको मुख्य पक्ष भनेको उपलब्धि नै हो ।" के दशवर्षे जनयुद्ध यस्तै संविधान बनाउनका लागि गरिएको थियो ?

आज मधेशवादी दलहरू, आदिवासी जनजातिहरूले संविधानको विषयलाई लिएर जुन आन्दोलन गरिरहेका छन्, कम्युनिष्टहरूले भनेजस्तो जनसंविधानका अन्तर्वस्तु नभएर संसदीय व्यवस्थाभित्रकै विषयहरू हुन् । उनीहरूले उठाएका मुख्य मुद्दा संघीय प्रदेशको संख्या, सिमाना र अधिकारका कुराहरू छन् । उनीहरूले उठाएका कुराहरू मध्ये कतिपय जायज छन् । हाम्रो पार्टीले पनि पहिचान र सामर्थ्यको आधारमा संघहरू निर्माण गर्नु पर्दछ र थारुवान, मगरात प्रदेश बनाउनु पर्दछ भन्दै आएको छ । ती मागहरू पूरा हुँदा संविधानको संसदीय स्वरुप भने फेरिदैन । तर पनि यी मागहरू जायज भएकाले हामीले त्यसको लागि आन्दोलन गर्नुपर्दछ भन्दै आएका छौं । त्यसको लागि चलिरहेको आन्दोलनलाई समर्थन पनि गरेका छौं । हाम्रो आन्दोलनको मख्य दिशा जनताको जनवादी अधिनायकत्व भएको जनसंविधान बनाउनेतिर नै हुनुपर्दछ र त्यही दिशातिर हामी अगाडि बढिरहेका छौं ।

यो संविधान जनताबाट चुनिएका प्रतिनिधिहरूले संविधानसभाबाट बनाएको हुनाले सबैले मान्नुपर्दछ भन्ने तर्क पनि आइरहेको छ । तर त्यसलाई निरपेक्षरुपमा लिनु गलत हुनेछ । पञ्चायतकालमा पनि चुनाव त गराइन्थ्यो । जनताले भोट हालेर चुनेका प्रतिनिधिहरूको सभा राष्ट्रिय पञ्चायतले नै राजाका कुराहरू औपचारिक रुपमा पास गरिन्थ्यो । ती कुराहरूलाई पञ्चायतकालमा राजनैतिक दलहरू कसैले मानेन । रुसमा लेनिनले संविधानसभाको माग गरे । संविधानसभाको चुनाव भयो तर लेनिनले त्यो...

बाँकी ८ पेजमा

## सम्पादकीय

# पाठकको हातमा 'वर्गदृष्टि'

आदरणीय पाठकसामु हामी वर्गदृष्टि साप्ताहिक लिएर आएका छौं । नेपालमा कम्युनिष्ट पार्टीको स्थापनाको करिब ७ दशक र माओवादी पार्टी स्थापनाको अढाइ दशकको अनुभवले हामीलाई पाठकसामु यही रुपमा प्रस्तुत हुन दिशाबोध गरेको महसुस गरेका छौं । नेपाली कम्युनिष्ट आन्दोलनमा अनेकन उतारचढावपूर्ण सङ्घर्षका क्रममा आइपरेका घुम्तीहरूमा लुकामारी गर्दैगर्दा क्रमशः वर्गीय दृष्टिकोणमा दिन गुणा र रात चौगुणा ह्रासहुँदै फेरिँदै गर्दा बन्न गएको निवर्गीय हेराइको बाढी नै लागेको वर्तमान सन्दर्भमा वर्गदृष्टि साप्ताहिकको प्रकाशन पाठमाझ एक न्यायोचित कार्यको सुरुआत हुने कुरामा विश्वास लिएका छौं ।

आजको नेपालको विशिष्ट परिस्थितिमा वर्गदृष्टि साप्ताहिक तपाईंहरूको हातमा छ । मानवजातिको आजसम्मको इतिहास 'वर्गसङ्घर्षको इतिहास' हो भन्ने कम्युनिष्ट घोषणापत्रमा अभिव्यक्त मार्क्सको संश्लेषण र 'वर्गसङ्घर्षलाई कहिल्यै नभुल' भन्ने माओको भनाइको मर्मबोध आज हामी सबैलाई भएको छ । यसको उदाहरण हाम्रै नेपाली माओवादी आन्दोलनलाई हेरे मात्र पनि पुग्छ ।

मार्क्सवाद 'बुझ्ने' र 'बदल्ने' सिद्धान्त हो । विगतबाट शिक्षा लिने, वर्तमानलाई बुझ्ने र त्यसको ठाउँमा उपयुक्त विकल्प दिएर वर्गसङ्घर्ष मार्फत् त्यसलाई बदल्ने हो । यसका लागि विगतको ऐतिहासिक आधार, वर्तमानको बुझाइ, उपयुक्त विकल्प र सोको कार्यान्वयनका लागि वर्गसङ्घर्षमार्फत् अनिवार्य गुज्रनु पर्दछ । यी चार कुराहरू द्वन्द्ववादी पद्धतिअनुसार एकअर्काका परिपुरकका साथै एकाकार भई अघि बढिरहेका हुन्छन् ।


यी सबै कुराहरू वर्गीय विचारको मियोमा फनफनी घुमिरहन्छन् । यिनका बीचको अन्तरसम्बन्ध सौर्य परिवारमा सूर्य, ग्रह र उपग्रहको सम्बन्ध जस्तै रहन्छ । नेता र नेतृत्वले यही मियोको भूमिका निर्वाह गर्नसक्नु पर्छ, जहाँ वैचारिक संकेन्द्रणको गुरुत्व र गुरुत्वाकर्षणभित्र क्रान्तिका जादुगरी हतियार (पार्टी, सेना र संयुक्त मोर्चा), सङ्घ/सङ्गठन तथा जनवर्गहरू उर्ध्वतर गतिमा छलाङ मार्दै घुमिरहन्छन् ।

यो विचारको मियो वा वर्गदृष्टिकोण नै कमजोर, धुमिल र फितलो भएमा नेता वा नेतृत्वले वैचारिक मियो वा गुरुत्वको भूमिका निर्वाह गर्न सक्तैन । त्यसपछि त नेतृत्व संसार बुझ्ने र बदल्ने होइन, बरु उल्टै आफै पुरानो र जनविरोधी वर्गमा बदलिँदै जान बाध्य हुन्छ । त्यो अन्ततः वर्गीय आत्मसमर्पणमा पुग्छ । किनकि दुई विपरित वर्गीय गुरुत्वको टकरावमा त्यो वस्तुगत नियमैले जनविरोधी विचारको गुरुत्व स्वीकार गर्न पुग्छ । त्यो भनेको देखाउनका लागि सैयौं ढोंग रचे पनि अन्ततः जनविरोधीहरूको पुँजीवादी संसदीय माखे साङ्लोमा कहिल्यै उम्कन नसक्ने गरी फस्न पुग्छ । पुँजीवादीहरू संसदीय खेलका प्रमुख खेलाडी हुने नै भएकाले विचार हराएका यी निम्छरा निवर्गीयहरूको त्यहाँ पुच्छरको भन्दा अरु ठूलो भूमिका बाँकी रहँदैन । तथापि आश्चर्यको कुरा त के हो भने यी कुनै हिच्किचावट प्रफुल्ल मुद्रामा खित्खिताउँदै जनविरोधीहरूको प्रदक्षिणा गर्न पुग्छन् ।

भाषा र शब्दशैलीमा 'प्रयास गर्दागर्दै यसो भयो' वा 'परिस्थितिले यहाँ ल्यायो' भने पनि वर्गदृष्टिमा आएको विचलन र ह्रासका कारणले त्यो सबै सत्यानास निम्त्याउन पुगेको कुरा आफैमा सत्य हो । हाल उतारको अवस्थामा रहेको नेपाली माओवादी आन्दोलनमा वर्गदृष्टिलाई तीखो पार्दै, त्यसलाई समृद्ध तुल्याउँदै अघि बढ्नेहरूसँग वर्गदृष्टि साप्ताहिकको हार्दिक सहकार्य रहने छ । आवाजविहीनहरूको आवाजको रुपमा यसले थिचिएका, मिचिएका, पाखा लगाइएका क्षेत्र, वर्ग, लिङ्ग, जातजाति, भाषाभाषीको साथमा रहने छ । दर्शनमा सर्वहाराले भेट्ने 'बौद्धिक हतियार' र सर्वहारामा दर्शनले भेट्ने 'भौतिक हतियार'को संगमस्थल निर्माणमा यो साप्ताहिकको भूमिका रहने छ ।

हाम्रो यो पहलकदमीमा सिर्जनात्मक, आलोचनात्मक सुझावहरू, प्रतिक्रियाहरू, लेख तथा टिप्पणीहरू सदैव स्वागतयोग्य छन् । यी कुराहरूको वर्गदृष्टि साप्ताहिक हार्दिक अपेक्षा पनि गर्दछ ।

# नव-संशोधनवादको खतराबारे



सीपी गजुरेल 'गौरव'

संशोधनवाद भनेको कम्युनिष्ट आन्दोलनभित्र पैदा भएको वा पैदा गराइएको पुँजीवादी विचार, राजनीति र पद्धति हो । यसले आफूलाई "कम्युनिष्ट" को खोलमा प्रस्तुत गर्ने भएको हुनाले कम्युनिष्ट आन्दोलनमा सबैभन्दा बढी भ्रम पारेर, कम्युनिष्ट आन्दोलनलाई विचलनमा लैजाने काम संशोधनवादले गर्दछ । खुला पुँजीवादीहरूले कम्युनिष्ट पार्टीका कार्यकर्ता वा समर्थक र शुभ-चिन्तकलाई कम भ्रम पार्न सक्दछन् किनभने उनीहरू आफ्नो विचारलाई खुला र स्पष्टरुपमा अगाडि राख्दछन् । उनीहरू खुलारुपमा नै कम्युनिष्ट बिरोधी भएको घोषणा साथ आउने भएको हुनाले त्यसले कम्युनिष्ट आन्दोलनलाई भित्रबाट होइन, बाहिरबाट क्षति पुऱ्याउँछ । तर, संशोधनवादी कम्युनिष्ट कै मुखुण्डो लगाएर प्रस्तुत हुने भएको हुनाले यसले कम्युनिष्ट आन्दोलनलाई भित्रबाटै क्षति पुऱ्याउँछ ।

नव-संशोधनवाद भनेको संशोधनवाद कै नयाँ रुप हो । यसको संशोधनवादसँग भिन्नता के मा छ भने पुरानो किसिमको संशोधनवादले मार्क्सवाद-लेनिनवाद-माओवादको विकासलाई स्वीकार्न इन्कार गर्दछ । तर, नव-संशोधनवादले चाहिँ त्यो पनि मानेको बहाना गर्दछ र क्रान्तिकारी कम्युनिष्टहरूलाई विचलित बनाउन भित्रीरुपमा भूमिका खेल्दछ । त्यसकारण, नव-संशोधनवादलाई हरियो घाँस, अथवा हरियो सागभित्र बसेको हरेउ जातिको सर्पसँग तुलना गर्न सकिन्छ । त्यसैले यसलाई बाहिरबाट हेरेर सजिलै देख्न कठिन पर्दछ र यसले मानिसलाई सजिलै सिकार बनाउँछ ।

कम्युनिष्ट पार्टीको मुख्य काम प्रतिकृयावादी व्यवस्थाका विरुद्ध संघर्ष गर्ने, जनताको शासन व्यवस्थाको स्थापना गर्ने, वर्ग संघर्षको नेतृत्व गर्ने हो । तर, आफूलाई त्यतिमा मात्र सीमित गरियो भने, संशोधनवादी र नव-संशोधनवादीले पार्न सक्ने वा पारेको भ्रमलाई चिर्न सकिएन भने, त्यसबाट पार्टी र जनतालाई भ्रम मुक्त गर्न सकिएन भने संशोधनवादी वा नव-संशोधनवादीले कम्युनिष्ट पार्टीलाई नै एउटा पुँजीवादी पार्टीमा रुपान्तरित गरेको पत्तै पाइँदैन । त्यस अवस्थामा त्यो पार्टी स्वयम् पुँजीवादी पार्टीको चाकरी गर्ने, त्यसैसँग मिलेर सुविधाहरूको अंश बण्डा गर्ने पार्टीमा बदलिन पुग्दछ । यो कुरा प्रष्ट छ कि त्यस प्रकारको पार्टीले क्रान्तिको कार्यभार पुरा गर्न सक्दैन । त्यसकारण कम्युनिष्ट पार्टीको महत्वपूर्ण कार्यभारहरू मध्ये एउटा कार्यभार हो-संशोधनवाद र नव-संशोधनवादको विरोध र भण्डाफोर गर्नु । त्यसकारण, संशोधनवाद र नव-संशोधनवादको विरोध र भण्डाफोरलाई पर्याप्त मात्रामा महत्व दिनु आवश्यक छ ।

नव-संशोधनवादले नेपाली कम्युनिष्ट आन्दोलन र नेपाली क्रान्तिलाई पुऱ्याएको घातक प्रभाव र असरबारे थाहा पाउन हामीले ठूला ठूला पुस्तकका ठेली पढिरहनु आवश्यक छैन । सफलताको सन्निकट पुगिसकेको नेपालको नयाँ जनवादी क्रान्तिलाई कसरी भित्र र बाहिर दुबै तिरबाट मिलेर ध्वस्त गरियो भन्ने हामीले भोगेको प्रत्यक्ष अनुभवबाट राम्रोसँग बुझ्न सकिन्छ ।

### नव-संशोधनवादसँगको सम्बन्ध-विच्छेद्

२०५२ सालबाट प्रारम्भ गरेर महान जनयुद्धको नेतृत्व गर्दै आएको तत्कालिन नेकपा (माओवादी)को शिर्ष नेतृत्वमा रहेका प्रचण्डले नै नव-संशोधनवादी बाटो पक्डिए पछि उक्त क्रान्ति असफल हुनु स्वभाविक थियो र त्यही भयो पनि । प्रचण्डले आफ्नो निकट सहयोगीका रुपमा लिँदै आएका बाबुराम पनि त्यसका हिस्सेदार रहँदै आएका छन् । उनीहरूमा आएको नव-संशोधनवादी विचलन कै कारण जनयुद्धका दौरानमा प्राप्त उपलब्धिलाई समाप्त पार्ने र क्रान्तिका बाँकी एजेण्डालाई परित्याग गर्ने काम गर्दै गएपछि उनीहरूसँग सम्बन्ध-विच्छेद गर्नु सच्चा कम्युनिष्टहरूका लागि अनिवार्य बन्न गयो । त्यही विद्रोहबाट तत्कालिन नेकपा-माओवादी जन्मिएको कुरा विदितै छ ।

त्यतिखेर यो विद्रोहको महत्वलाई कतिपय मानिसले बुझ्न सकेनन् र उनीहरू त्यही नव-संशोधनवादी एकीकृत नेकपा (माओवादी) मै टाँस्सिइरहे । तर नेकपा-माओवादीको पुनर्गठनले नव-संशोधनवादीसँगको सम्बन्ध-विच्छेदलाई तीनवटा सशक्त कारणले पुष्टि गरे- पहिलो, यो पार्टी क्रान्तिकारी कम्युनिष्ट धार र संगठनका रुपमा यसको नेतृत्वमा भएको कथित दोस्रो संविधान सभाको निर्वाचनको सकृय वहिष्कार र अन्य

> **नव संशोधनवादले नेपाली कम्युनिष्ट आन्दोलन र नेपाली क्रान्तिलाई पुऱ्याएको घातक प्रभाव र असरबारे थाहा पाउन ... नयाँ जनवादी क्रान्तिलाई कसरी भित्र र बाहिर दुबै तिरबाट मिलेर ध्वस्त गरियो भन्ने हामीले भोगेको प्रत्यक्ष अनुभवबाट राम्रो सँग बुझ्न सकिन्छ ।**

संघर्षबाट स्थापित भयो । दोस्रो, नेपालका सच्चा कम्युनिष्टहरूका वीचमा सिद्धान्तनिष्ठ एकता गर्ने क्रममा नेकपा (एकीकृत) सँग करिब तीन वर्षको विहंगम छलफल र क्रान्तिकारी संघर्षमा संयुक्त सहभागिता गर्दै गएर अन्तमा पार्टी एकता कायम गरेर नेकपा (क्रान्तिकारी माओवादी) निर्माण भयो । तेस्रो, नव-संशोधनवादी एकीकृत नेकपा (माओवादी)को प्रचण्डले नेतृत्व गरेको समूह झन् झन् प्रतिकृयावादीकरणको बाटोमा अगि बढ्दै गयो र बाबुरामले नेतृत्व गरेको समूह खुलारुपमा प्रतिकृयावादीकरण भएर "नयाँ शक्ति"मा रुपान्तरण हुन पुग्यो ।

### नेकपा (माके) र नयाँ शक्ति

नव-संशोधनवादी एकीकृत नेकपा (माओवादी) दुई खण्डमा विभाजित भयो-प्रचण्डले नेतृत्व गरेको नेकपा (माओवादी केन्द्र) र बाबुरामले नेतृत्व गरेको नयाँ शक्ति । ती दुबै एक सिक्काका दुई पाटाकारुपमा कार्यरत छन् । प्रचण्डले बाबुरामलाई आफ्नो पार्टीमा आएर नेतृत्वदायी स्थान ग्रहण गर्न बारम्बार अनुरोध गरिरहेका छन् । ती दुई संगठनका वीचमा विभिन्न तहका नेता र कार्यकर्ताहरू एकअर्कामा आउने जाने क्रम पनि चलिरहेको छ ।

जहाँसम्म बाबुरामको प्रश्न छ, उनले आफ्नो कम्युनिष्टविरोधी र क्रान्तिविरोधी चरित्र आफैंले नांगो रुपमा प्रस्तुत गरिरहेका छन् । बाबुरामले यतिखेर नांगोरुपमा कम्युनिष्टविरोधी खेमामा पुगेर कम्युनिष्ट आन्दोलनलाई समाप्त पार्ने देशी, विदेशी प्रतिकृयावादी योजनाभित्रै आफूलाई समाहित बनाएका छन् । विश्व साम्राज्यवादी शक्तिहरू र अन्य कम्युनिष्ट विरोधीहरूद्वारा विश्वस्तरमा संचालन गरिएको "साम्यवादको मृत्यु भैसकेको छ", "कम्युनिज्म अब फर्केर आउँदैन", "साम्यवादको कुनै भविश्य छैन", "मार्क्सवाद अब पुरानो भयो", "मार्क्सवादले आजका समस्याको समाधान गर्न सक्दैन", "मार्क्सवादको सान्दर्भिकता समाप्त भयो" भन्ने अन्तर्राष्ट्रिय अभियान चलिरहेको छ, बाबुराम र उनको समूह यही कम्युनिज्म र मार्क्सवादविरोधी समूहगानमा सामेल भएको छ र आफूलाई खुल्लेआम कम्युनिष्टविरोधी शक्तिकारुपमा प्रस्तुत गरिसकेको छ । उनीहरू "नयाँ शक्ति" भन्ने संगठन नै खडागरेर यस काममा लागिसकेका छन् । नव-संशोधनवादको यो नांगो नाच अब सबैका अगाडि पटाक्षेप भएको छ । नव-संशोधनवादको अन्तिम परिणति के हुँदो रहेछ भन्ने बुझ्न यो घटना एउटा साँक्षीका रुपमा नेपालको कम्युनिष्ट आन्दोलनमा उभिएको छ ।

जहाँसम्म प्रचण्डको प्रश्न छ, उनले नयाँ जनवादी क्रान्तिको परित्याग, पश्चगामी संविधानको निर्माण र त्यसको कार्यान्वयनका लागि समर्पण, प्रतिकृयावादी सरकारको निर्माणमा अहम् भूमिका र सरकारमा सकृय सहभागिता आदिले उनले आत्मसात् गरेको नव-संशोधनवादले प्रतिकृयावादतिर अघि बढिरहेको छ भन्ने कुरालाई स्पष्ट पार्दै लगेका छन् । अब प्रचण्डको नेतृत्वको नेकपा (माके)ले बाबुरामको नेतृत्वको नयाँ शक्तिको स्वरुप कहिले ग्रहण गर्ने हो, त्यो चाहिँ समयले प्रमाणित गर्नेछ ।

### नव-संशोधनवादको पुच्छरवादी प्रवृत्ति

नेकपा (क्रान्तिकारी माओवादी)बाट अलग भएर गएको नव-संशोधनवादको पुच्छरवादी प्रवृत्तिका केही प्रतिनिधि पात्रहरूले नव-संशोधनवादीको नेतृत्वसँग र देशी विदेशी प्रतिकृयावादीसँग साँठ गाँठ गरेर पार्टीको केन्द्रीय समितिको बैठकका दौरानमा एकपटक निकै हुरी, वतास, आँधी, तुफान मचाउने कसरत गरे । कैयौं मै हुँ भन्ने मानिसहरू पनि ढल्दै गए । आखिरमा उनीहरूले पार्टी फुटाएर नेकपा (माके)मा विलय गराए । त्यो पुच्छर प्रवृत्ति स्वतन्त्र रुपमा रहिरहने संभावना थिएन र रहेन पनि । तथापि त्यसले हाम्रो पार्टीलाई फुटाउने जस्तो गलत काम गरेको हुनाले यसबारे यहाँ चर्चा गर्नु आवश्यक हुन गएको छ ।

यसबारे स्पष्ट हुनका लागि हाम्रो पार्टीको २०७३ जेठमा बसेको केन्द्रीय समितिको बैठकले पारित 'तात्कालिन राजनीतिक प्रस्ताव'मा उल्लेखित केही विषयबारे यहाँ चर्चा गरिने छ । यसमा भनिएको छ : "यसै क्रममा हाम्रो पार्टीमा दक्षिणपन्थी नवसंशोधनवादपरस्त पुच्छर प्रवृत्तिले जवर्जस्त रुपमा टाउको उठाउन पुगेको छ । अहिले हाम्रा लागि चिन्ता र दुःखको विषय के हो भने यही २०७२ चैत्र १२ गतेबाट जारी केन्द्रीय समितिको बैठकका बीचमा यस प्रकारको नव-संशोधनवादपरस्त अवसरवादी गुटद्वारा पार्टीलाई विभाजित तुल्याउने काम गरेको छ ।" (तात्कालिन राजनीतिक प्रस्ताव, पृ ३-४) ।

पार्टीका कमरेडहरूलाई भ्रममा पार्नका लागि पुच्छर प्रवृत्तिका नेताहरूले अध्यक्ष क. किरणले अनौपचारिक रुपमा प्रस्तुत गर्नुभएको 'पार्टी एकताको आधार तयार पार्नका लागि ११ बुँदे प्रस्ताव' र बादल गुरुङ मण्डलीले पार्टीलाई जानकारी नै नगराइकन गुप्त रुपमा प्रचण्डसँग साँठगाँठ गरेर तयार पारेको प्रस्ताव एकै किसिमका छन् भन्ने जुन झुठको खेती गरे, त्यस विषयमा स्पष्ट गर्नका लागि यहाँ केही चर्चा गर्नु आवश्यक छ । उक्त प्रस्तावमा भनिएको छ : "बादल पक्षले एमाओवादीसित अनधिकृत र गुटवादी तरिकाले वार्ता गरेर पहिले १२ बुँदे र अहिले त्यसमा साङ्गठानिक पक्षसित सम्बन्धित पक्षसित सम्बन्धित एउटा अर्को बुँदा थपेर कथित "पार्टी एकताका साझा सहमतिका बुँदाहरू" शीर्षकमा एउटा अर्को प्रस्ताव तयार पारी एकताको सहमति कायम गरेको छ । यस प्रस्तावलाई अध्यक्षद्वारा प्रस्तुत ११ बुँदे प्रस्तावमा आधारित भनेर भ्रम छर्ने दुष्प्रयास गरिएको छ । परन्तु त्यो होइन र यहाँ ११ बुँदेको कुनै गन्ध नै आउँदैन । हामीले त्यसको सारतत्वलाई बुझ्न र त्यसको सशक्त भण्डाफोर गर्न जरुरी छ ।

"साँगठनिक रुपमा हेर्दा यो प्रस्ताव जनवादी केन्द्रीयताको मान्यताका विरुद्ध खडा भएको छ । केन्द्रीय समितिको बैठक बसी पार्टी एकताका मूल आधार तयार पार्ने भनिएकामा कुनै पनि कमिटीमा पारित नगराई तथा पार्टी अध्यक्षलाई समेत थाहै नदिई एमाओवादीसित वार्ता गर्नु र त्यसरी १२ बुँदे प्रस्ताव पारित गर्नु जनवादी केन्द्रीयताको साङ्गठानिक सिद्धान्त तथा मान्यताको ठाडो विरोध र उल्लंघन हो । दोस्रो कुरा, यो प्रस्ताव पार्टीको होइन, गुटको प्रस्ताव हो र यो गुटवादमा आधारित छ । तेस्रो, यो प्रस्ताव पार्टीको नीति, कार्यक्रम तथा कार्यदिशाका विरुद्ध छ । यसले पार्टीलाई फुटाउने र गुटवादी काम गरेको छ र त्यसैले यो फुटवादी प्रस्ताव हो ।" (उपरोक्त, पृ.५-६) ।

यसप्रकार, नव-संशोधनवादीहरू र हाम्रो पार्टीमा पैदा भएका तिनका पुच्छर प्रवृत्ति बोक्नेहरूले देशी, विदेशी प्रतिकृयावादीहरूसँग समेत साँठगाँठ गरी कम्युनिष्ट विचार, सिद्धान्त, कार्यदिशा, नीति र सच्चा कम्युनिष्ट पार्टीमाथि ठूलो हमला गरेका थिए र धावा बोलेका थिए । तर त्यसलाई हामी सबै मिलेर पराजित गरेका छौं । तर त्यस प्रवृत्तिका विरुद्धको लडाई सकिएको छैन र त्यसलाई निरन्तर जारी राख्नु आवश्यक छ ।



# नेपाली विशिष्टतामा आधारित जनविद्रोहको तयारीमा जोड दिनुपर्दछ

**मोहन वैद्य 'किरण'**
अध्यक्ष, नेकपा (क्रान्तिकारी माओवादी)

» ***अध्यक्ष ज्यू, कुन-कुन एजेण्डा तय गरिएको छ राष्ट्रिय भेलाको लागि ?***

अहिले आयोजित ऐतिहासिक राष्ट्रिय भेलाको पहिलो एजेण्डा हालैको भीषण दुई लाइनसङ्घर्षमा दक्षिणपन्थी अवसरवादमाथि प्राप्त विचारधारात्मक विजयलाई स्थापित तुल्याउँदै तथा विभाजनको आलो घाउलाई पुर्दै पार्टीलाई व्यवस्थित एवम् सुदृढीकरणको दिशामा अगाडि बढाउने विषयमा आधारित रहेको छ । दोस्रो, पार्टीको कार्यदिशा, रणनीति र कार्यनीतिलाई परिमार्जित तथा समृद्ध तुल्याउने कामसित जोडिएको छ । साथै, यस राष्ट्रिय भेलामा पार्टी कामका तात्कालिक तथा दीर्घकालीन योजनाबारे पनि आवश्यक निर्णय लिइने छ ।

» ***एमाओवादीसँगको विभाजनपछि पनि दुई-दुई पटक फुटको सामना गर्नुभयो । पछिल्लो विभाजनका कारण र कारक के र को हुन् ?***

हो, हामीले एमाओवादीसँगको विभाजनपश्चात् दोस्रो ठूलो दुई लाइनसङ्घर्ष तथा फुटको सामना गर्दै अगाडि बढ्नुपरेको छ । पछिल्लो विभाजनका मूल कारण र कारकका रूपमा हामीले सर्वप्रथम त पार्टीमा विद्यमान निम्न पुँजीवादी वर्ग आधार, चिन्तन तथा प्रवृत्तिलाई नै लिनुपर्दछ । यो चिन्तन तथा प्रवृत्ति निकै ढुलमुल तथा अस्थिर बन्दै आत्मसमर्पण तथा पलायनको दिशातिर अग्रसर हुन पुग्यो । दोस्रो, हाम्रो पार्टीमा त्यसप्रकारको निम्न पुँजीवादी प्रवृत्ति तथा चिन्तनको छिद्रबाट दक्षिणपन्थी नव-संशोधनवादले घुसपैठ गर्ने अवसर पायो । तेस्रो, हाम्रो पार्टीको क्रान्तिकारी धारालाई ध्वस्त पार्नका लागि देशी तथा विदेशी वर्गदुश्मनहरूबाट धेरै चलखेल पनि भए । यी सबैको समग्रतामा पार्टी यसरी विभाजित हुन गयो ।

» ***दक्षिणपन्थी अवसरवादको पहिचान साधारण जनताले कसरी गर्न सक्छन् ? यसका मूल विशेषता के हुन् ?***

सुरुमा त सर्वसाधारण जनताका लागि दक्षिणपन्थी संशोधनवादलाई पहिचान गर्न गाह्रै हुन्छ । किनभने यसले रूपमा क्रान्ति तथा जनताको नाम जप्ने नै गर्दछ । अनि यसले आफूलाई जनताको बिचमा लोकप्रिय बन्दै आएको कम्युनिस्ट साइनबोर्डले विभूषित तुल्याएकै हुन्छ । तर पनि अन्ततः यसलाई जनताले ठम्याएरै छाड्दछन् । मोटामोटी रूपमा दक्षिणपन्थी अवसरवादका विशेषतालाई यसरी प्रस्तुत गर्न सकिन्छ :

पहिलो, दार्शनिक रूपमा यसले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद र वर्गसङ्घर्षलाई परित्याग गरी वर्गसमन्वयवादको मान्यता अङ्गाल्दै विजातीय विश्वदृष्टिकोण एवम् वर्गदुश्मनसितको एकतामा विशेष जोड दिन्छ । दक्षिणपन्थी संशोधनवादले भौतिकवादी द्वन्द्ववादको विरोधमा सारसङ्ग्रहवादलाई स्वीकार गर्दछ । सारसङ्ग्रहवाद यस्तो चिन्तन हो जसले विभिन्न अनमेल विचार, दृष्टिकोण, सिद्धान्त तथा अभिमतलाई एकै ठाउँमा मिसाई खिचडी पकाउने काम गर्दछ । यसै चिन्तन र पद्धतिको सहारामा दक्षिणपन्थीहरूले मार्क्सवाद र प्रतिक्रियावादलाई एउटै ठाउँमा मिसाएर पेश गर्दै आएका छन् । यसरी नै यसले भँडुवा विकासवाद र बहुलवादलाई पनि अवलम्बन गर्दछ ।

दोस्रो, राजनीतिक अर्थशास्त्रको क्षेत्रमा दक्षिणपन्थी अवसरवादले वर्गसङ्घर्ष र उत्पादन सम्बन्धमा क्रान्तिको सिद्धान्तलाई परित्याग गरेर वर्गसमन्वयवाद र उत्पादक शक्तिको सिद्धान्तलाई अवलम्बन गर्दछ । यसले समाजको पुरानो आर्थिक आधारलाई ध्वस्त पार्ने नभई बचाउने काम गर्दछ ।

तेस्रो, राजनीतिका क्षेत्रमा यसले वैज्ञानिक समाजवादका विरुद्ध सुधारवादी तथा अन्ततः प्रक्रियावादी समाजवादको पक्षपोषण गर्दछ । यो नयाँ जनवाद तथा सर्वहारा जनवादको विरोधमा निर्वर्गीय तथा विशुद्ध जनवाद र प्रतिक्रियावादी वर्गको अधिनायकत्वको पक्षपाती रहेको छ । यसले बलप्रयोगको सिद्धान्तका विरुद्ध शान्तिपूर्ण सङ्क्रमण र संसदीय बाटोलाई स्वीकार गर्दछ ।

समग्र र सारमा यसले वर्गसङ्घर्ष तथा उत्पीडित वर्ग एवम् जनसमुदायको राज्यसत्ताका विरुद्ध वर्गसमन्वयवाद, वर्गीय तथा राष्ट्रिय आत्मसपर्मणवाद र अन्ततः प्रतिक्रियावादकै शरणमा पुग्ने काम गर्दछ । वर्तमान साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा साम्राज्यवाद र दक्षिणपन्थी संशोधनवादका बिच अपवित्र लगनगाँठो कसिएको हुन्छ । यी सबै विशेषताहरूलाई हेर्न हामी टाढा जानु पर्दैन, नेपालभित्रकै नाङ्गा दक्षिणपन्थी र नयाँ कलेवरमा प्रस्तुत छद्म अवसरवादीहरूको चर्तीकला हेरे छर्लङ्गै बुझिन्छ ।

» ***अहिले बनेको माओवादी केन्द्रभित्र (सार) र बाहिर (रूप) के हो ?***

भर्खरै हामीले दक्षिणपन्थी अवसरवादका विशेषताबारे जुन कुरा उल्लेख गर्‍यौं, ती सबै माओवादी केन्द्रमा पनि पाइन्छन् । नेकपा (माओवादी केन्द्र) ले आफूलाई कम्युनिस्ट पार्टी तथा माओवादीको कलेवर अर्थात् रूपमा प्रस्तुत गरेपनि सारमा यसले कम्युनिज्मका सिद्धान्त तथा आदर्शसहित मार्क्सवाद-लेनिनवाद-माओवादलाई परित्याग गरिसकेको छ ।

दार्शनिक फाँटमा यसको प्रिय पद्धति सारसङ्ग्रहवाद हो । यसै पद्धतिलाई अपनाएर दक्षिणपन्थीहरूले मार्क्सवाद र पुँजीवादलाई, जनताको जनवाद र लोकतान्त्रिक गणतन्त्रलाई, वैज्ञानिक समाजवाद र सुधारवादी समाजवादलाई एउटै ठाउँमा मिसाई खिचडी पकाउने काम गरेको छ । दक्षिणपन्थी नव-संशोधनवादले प्रतिक्रियावादी तथा अवसरवादीहरूसित घाँटी जोडेर वर्गसमन्वयवाद तथा सम्झौतावादलाई अङ्गाल्दै आएको कुरा स्पष्ट नै छ । अब यसका लागि बहुलवाद र भँडुवा विकासवाद प्रिय पनि बन्न गएका छन् । रूपमा जति जादुगरी ढङ्गले प्रस्तुत हुन खोजे पनि सारमा यो विजातीय कित्तातिर नै अग्रसर बन्दै गएको छ ।

» ***बाबुराम भट्टराईको नयाँ शक्ति नेपाल नि ?***

बाबुराम भट्टराईद्वारा नयाँ शक्ति नेपालको गठन गरेर घोषित रूपमै मार्क्सवाद र साम्यवादलाई परित्याग गर्ने कामलाई पूर्णता दिइएको छ । नयाँ शक्ति नेपाल कम्युनिस्ट आन्दोलन र माओवादी कित्ताभित्र परेन । सुरुमा भट्टराईद्वारा नयाँ जनवादको विरोध र विकल्पमा लोकतान्त्रिक गणतन्त्रको राजनीतिक कार्यक्रम तथा कार्यदिशा ल्याइयो । अनि त्यसपश्चात् मार्क्सवाद र नव-उदारवादलाई एउटै ठाउँमा मिसाएर सारसङ्ग्रहवादी खिचडी पकाउने काम गरियो । त्यसको अन्तिम परिणाम मार्क्सवादकै परित्याग हुन गयो । अब डा. बाबुरामका लागि वर्तमान प्रतिक्रियावादी राज्यसत्ता, संविधान तथा संसदीय व्यवस्था नै सबैथोक बन्न गएका छन् । अब बाबुरामका लागि सामन्तवाद, साम्राज्यवाद तथा विस्तारवाद र दक्षिणपन्थी संशोधनवाद सबै मित्र बनिसकेका छन् । अब बाबुरामसित देश र जनताको मुक्तिका कुनै पनि आदर्श र सपना बाँकी रहेका छैनन् ।

> **पछिल्लो विभाजनका मूल कारण र कारकका रूपमा हामीले सर्वप्रथम त पार्टीमा विद्यमान निम्न पुँजीवादी वर्ग आधार, चिन्तन तथा प्रवृत्तिलाई नै लिनुपर्दछ । यो चिन्तन तथा प्रवृत्ति निकै ढुलमुल तथा अस्थिर बन्दै आत्मसमर्पण तथा पलायनको दिशातिर अग्रसर हुन पुग्यो ।**

» ***क्रान्तिकारी माओवादीले अङ्गीकार गरेको दर्शन बुझ्ने र बदल्ने मार्क्सवादी दर्शन हो । तपाईंको बुझाइमा अहिलेको विश्व के हो ?***

हाम्रो पार्टीले अवलम्बन गर्दै आएको दर्शन मार्क्सवादी दर्शन हो । यसलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन भनिन्छ । यसले विश्वलाई बुझ्ने मात्र होइन, मुख्यतः बदल्ने कुरा गर्दछ ।

वर्तमान विश्वलाई साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको रूपमा बुझ्नुपर्दछ । आज विश्वमा साम्राज्यवाद प्रभुत्वशाली अवस्थामा रहेको छ भने सर्वहारा क्रान्ति कमजोर स्थितिमा । परन्तु, यो अस्थायी वा क्षणिक कुरा हो । किनभने वित्तीय पुँजीको सङ्कटको अन्तिम समाधान साम्राज्यवादसित होइन, सर्वहारा क्रान्तिसित मात्र छ । यद्यपि आज साम्राज्यवादले नव-उपनिवेशवादी हस्तक्षेप तथा नवउदारवादी अर्थनीतिका आधारमा उत्पीडनको प्रक्रियालाई तीव्र बनाइरहेको छ र विद्युतीय सूचना प्रविधिको विकासबाट फाइदा उठाई भूमण्डलीकृत बन्न गएको छ । परन्तु, सूचना प्रविधिको यो विकास उत्पादक शक्तिको विकास हो र यसले नयाँ उत्पादन सम्बन्धको माग गर्दछ । त्यो माग सर्वहारा क्रान्तिले मात्र पुरा गर्न सक्तछ । आज साम्राज्यवाद आपसी कलह, श्रम तथा पुँजी र मुख्यतः उत्पीडित राष्ट्रहरूसितको अन्तर्विरोधमा फँस्तै गएको छ । आजको आवश्यकता भनेको भूमण्डलीकृत रूपमा सर्वहारा क्रान्तिको पनि सचेत तथा योजनाबद्ध ढङ्गले तयारी गर्नु हो ।

» ***वर्तमान नेपाललाई कसरी बुझ्न सकिन्छ ?***

नेपाल अझैपनि अर्धसामन्ती तथा अर्ध/नवऔपनिवेशिक अवस्थामा छ । दश वर्षको महान् जनयुद्धका बिचबाट नयाँ जनवादी क्रान्तिलाई सशक्त रूपमा अगाडि बढाइए पनि अन्ततः पार्टीमा दक्षिणपन्थी नवसंशोधनवादी विचलन पैदा हुनुको कारण क्रान्तिले गम्भीर धक्का खाएको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधारभूत समस्याहरूको समाधान हुन सकेको छैन । वर्तमान संविधानमा उल्लिखित गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता लगायतका विषय सकारात्मक रहेपनि सारमा राज्यसत्ता दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्गको हातमा रहेको छ । देश साम्राज्यवाद/विस्तारवादको नव-उपनिवेशवादी उत्पीडन र नव-उदारवादी अर्थनीतिको शोषणको जञ्जीरमा फँसेको छ । तर, यो स्थिति अस्थायी नै हो । देश तथा जनतालाई यसप्रकारको शोषण तथा उत्पीडनबाट मुक्त गर्नका लागि यहाँ देशभक्त शक्ति तथा कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धारा क्रियाशील रहिआएको कुरा पनि सुस्पष्ट नै छ ।

» ***बुझाइपछि बदल्ने वा विकल्पको कुरा आउँछ । वर्तमान नेपाल जनवादी वा समाजवादी कुन मोडलमा बदलिन्छ ?***

अर्धसामन्ती तथा अर्ध/नवऔपनिवेशिक अवस्थामा रहिआएको नेपाललाई बदल्नका लागि सर्वप्रथम नयाँ जनवादी र त्यसपश्चात् समाजवादी क्रान्ति सम्पन्न गर्नुपर्दछ । देशको सामाजिक-आर्थिक अवस्था केही बदलिंदै गएको, नव-औपनिवेशिक उत्पीडन तथा नव-उदारवादी हस्तक्षेप तीव्र भएको र विस्तारवादी प्रभुत्व चरम बन्दै गएको वर्तमान स्थितिमा नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई समृद्ध तथा विकसित तुल्याउन आवश्यक देखिन्छ ।

» ***यसलाई बदल्नका लागि वर्गसङ्घर्षको स्वरूप कस्तो हुन्छ ?***

देशलाई उक्त प्रकारको अवस्थाबाट बदल्नका लागि सङ्घर्षका विविध रूपहरूको प्रयोग जरुरी हुन्छ र अन्ततः बलप्रयोगको भूमिका अनिवार्य हुन्छ । दीर्घकालीन जनयुद्ध वा सशस्त्र जनविद्रोहका मोडेललाई यथावत् र यान्त्रिक दुवै ढङ्गले प्रयोग गर्न सकिदैन । त्यस्तो प्रयोग नेपाली समाजको विशेषता, सिर्जनशीलता र मौलिकतामा निर्भर हुन्छ । हामीले सशस्त्र सङ्घर्षको स्वरूपको प्रश्नमा सिद्धान्ततः यो वा त्यो भनेर हात बाँध्नु हुँदैन । परन्तु, वर्तमान नेपाली विशिष्टताहरूको गम्भीर अध्ययन गरी नेपालको इतिहासमा विकसित हुँदै आएका जनआन्दोलन, सशस्त्र सङ्घर्ष एवम् दश वर्षको महान् जनयुद्धका अनुभव तथा आधारमाथि टेक्तै र थप विकसित अवस्थामाथि पनि आवश्यक ध्यान दिंदै नेपाली विशिष्टतामा आधारित जनविद्रोहको तयारीको काममा जोड दिनुपर्दछ ।

» ***माथि उल्लिखित आमूल परिवर्तनको कार्यभार पूरा गर्न यो राष्ट्रिय भेलाको छलफल, बहस र निष्कर्ष हुन कुन कुरामा केन्द्रित हुन जरुरी छ ?***

राष्ट्रिय भेलाको एजेण्डाबारे उल्लेख गर्दा त्यहाँ छलफल गरिने विषयबारे माथि चर्चा गरिसकिएको छ । मूल कुरा सङ्गठनलाई अनुशासित, जुझारु तथा सुदृढ तुल्याउने, क्रान्तिको कार्यदिशाबारे थप स्पष्टता ल्याउने, अहिलेका पार्टीका तात्कालिक कार्यभार निश्चित गर्ने, राष्ट्रिय सम्मेलनको तयारीमा लाग्ने, वर्गदुश्मन तथा दक्षिणपन्थी अवसरवादीहरूका विरुद्ध निरन्तर लड्दै जाने आदि कार्यभार तथा विषयबारे आवश्यक छलफल गरी सही निष्कर्षमा पुग्ने काम हुन्छ ।


# नव-संशोधनवादी आँधी र राष्ट्रिय भेलाको कार्यभार

नेपालको कम्युनिस्ट आन्दोलनको इतिहासमा गएका तीन महिनाले डरलाग्दो नव-संशोधनवादी आँधीको सामना गर्नुपर्‍यो । माओवादी एकताका नाममा चलेको उक्त आँधीमा नेपालको माओवादी आन्दोलनका बलिया खम्बाहरू भनेर चिनिने धेरै नेताहरू ढले । स-साना केही 'माओवादी' समूहहरू र रामबहादुर थापा 'बादल' लगायत नेकपा (क्रान्तिकारी माओवादी) का बहुमत केन्द्रीय समिति सदस्यहरू प्रचण्डले नेतृत्व गरेको नव-संशोधनवादी समूहसँग विलिन हुन पुगे । त्यसलाई माओवादीहरूको एकता भनेर उछालियो । तर, अर्कोतिर, कमरेड किरणको नेतृत्वमा क्रान्तिकारी नेताहरूको एउटा बलियो टिम नव-संशोधनवादी आँधीको झोक्काको प्रतिरोध गर्दै मार्क्सवाद-लेनिनवाद-माओवाद तथा नयाँ जनवादी क्रान्तिको पक्षमा सतीसाल झै खडाभयो । यो प्रक्रियामा क्रान्तिकारीहरूले साम्राज्यवाद, विस्तारवाद, घरेलु प्रतिक्रियावाद र नव-संशोधनवादी गद्दारहरूले नेपालबाट माओवादी आन्दोलनलाई 'सँधैका लागि समाप्त गर्न' तयार पारेका षड्यन्त्रलाई ध्वंश मात्र पारेनन्, बरु नेपालमा क्रान्तिकारी विचार र नयाँ जनवादको लालझण्डालाई अरु माथि उठाए । यो छोटो लेख पार्टीको पछिल्लो दुईलाईन संघर्षका क्रममा अगाडि आएका यिनै प्रश्नहरू र हाम्रो पार्टीले आव्हान गरेको आसन्न राष्ट्रिय भेलाले गर्नुपर्ने तात्कालिक कामहरूमा केन्द्रित रहने छ ।

कम्युनिस्ट पार्टीमा चल्ने दुईलाईन संघर्ष वर्गीय समाजमा हुने बर्गसंघर्षको प्रतिविम्ब हो । त्यसकारण, कुनै पनि कम्युनिस्ट पार्टी दुईलाईन संघर्षबाट भाग्न पाउदैन बरु नयाँ प्रकारको क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माणका निमित्त त्यसले अनिवार्यतः दुईलाईन संघर्षमा सचेतढलि होमिनु पर्दछ । दुईलाईन संघर्षले कम्युनिस्ट पार्टीका नेताहरूलाई रुपान्तरण गर्दछ । दुईलाईन संघर्ष जति तीखो हुन्छ त्यति नै छिटो त्यो उत्कर्षमा पुग्दछ र त्यसले सम्बन्धित नेताहरूलाई रुपान्तरण गर्दछ । रुपान्तरण सँधै सही दिशामा मात्र हुन्छ भन्ने छैन, कतिपय अवस्थामा त्यो गलत दिशामा पनि हुन सक्छ । साथै, निरपेक्ष रुपमा चल्ने दुईलाईन संघर्षको प्रक्रियामा रुपान्तरण जति उच्चस्तरमा हुन्छ त्यसपछि प्राप्तहुने सापेक्षिक एकता पनि त्यति नै बलियो हुन्छ । वास्तवमा दुईलाईन संघर्ष भनेको कम्युनिस्ट पार्टीको जीवन हो ।

हरेक बस्तुहरू गतिशील छन् । समयका क्रममा वस्तुमा परिवर्तन आउँछ, यसलाई रुपान्तरण पनि भनिन्छ । त्यसो भए, रुपान्तरणका कारणहरू के हुन त ? यसको जवाफ म माओबाट दिलाउन चाहन्छु । अन्तरविरोधबारे भन्ने आफ्नो महत्वपूर्ण निबन्धमा माओ लेख्नुहुन्छ, "भौतिकवादी द्वन्द्ववादले यो मान्दछ कि वाह्य कारणहरू परिवर्तनका सर्त हुन् र आन्तरिक कारणहरू परिवर्तनका आधार हुन्, र वाह्य कारणहरू आन्तरिक कारणहरू मार्फत् क्रियाशील हुन्छन् । उपयुक्त तापक्रममा अण्डा चल्लामा रपान्तरण हुन्छ, कुनै तापक्रमले पनि ढुर्लिाई चल्ला बनाउन सक्दैन, किनभने हरेकका भिन्न-भिन्न आधार हुन्छन् ।" कम्युनिस्ट पार्टीको सदस्य पनि एउटा गतिशील वस्तुका रुपमा माओले भने जस्तै रुपान्तरण हुन्छ ।

माथिको संक्षिप्त चित्रणबाट के कुरा स्पष्ट हुन्छ भने कुन पनि कमिटीमा चल्ने दुईलाइन संघर्षले त्यहाँ रहेका पार्टी सदस्यहरूमा रपान्तरण ल्याइदिन्छ । एउटै दिशामा रपान्तरण भएकाहरूको बीचमा ध्रुवीकरण हुन्छ र त्यसले ती सदस्यहरूको बीचमा उच्चस्तरको एकता निर्माण गर्दछ । क्रान्तितर्फको रुपान्तरण हुनेहरूका बीचमा क्रान्तिकारी ध्रुवीकरण हुन्छ, जब कि सुधारतर्फ रुपान्तरण हुनेहरूका बीचमा सुधारवादी अर्थात् संशोधनवादी ध्रुवीकरण



इन्द्रमोहन सिंग्देल'बसन्त'

हुन्छ । छोटोमा भन्नुपर्दा, माओले यसलाई एकता-संघर्ष-रुपान्तरण र नयाँ आधारमा नयाँ एकता भन्नुभयो । नयाँ आधारमा नयाँ एकता भनेको यही हो । हामीले हालैको दुईलाईन संघर्षको क्रममा यो प्रक्रियाको प्रत्यक्ष अनुभूति गर्न पायौं ।

करीब तीन महिना अगाडि आयोजना गरिएको हाम्रो पार्टीको केन्द्रीय समितिको बैठकमा गम्भीर दुईलाईन संघर्ष चल्यो । बैठकको सुरुमा नव-संशोधनवादी प्रचण्ड समूहसंग विनासर्त पार्टी एकता गर्नुपर्छ भन्ने बादलको संशोधनवादी प्रस्तावका पक्षमा वकालत गर्ने केन्द्रीय समिति सदस्यहरू थोरै मात्र थिए । केही केन्द्रीय समिति सदस्यहरू कमरेड किरण र बादलले अगाडि सारेका अडानहरूको बीचमा रुमलिएका थिए । केन्द्रीय समिति सदस्यहरूको ठूलो संख्याले आफ्नो पक्षधरता मालेमावादमा आधारित द्वन्द्वात्मक एकताको पक्षमा देखायो । यो स्थिति धेरै समय टिकेन । समय वित्दै जाँदा राजनीतिक परिदृश्य पनि एकाएक बदलियो ।

बादल गुट प्रचण्डको पार्टीसंग एकता नगरी अलग रहन नै सक्दैन भन्ने कुरा स्पष्टसंग बुझेपछि थुप्रै केन्द्रीय समिती सदस्यहरूको पार्टी एकता बारेको तिनीहरूको वास्तविक अडान खुल्नगयो । संचार माध्यमले यसलाई अरु उछाल्यो । माथिको उद्धरणमा माओले भने जस्तै, एकताको आँधी र संचार माध्यमको प्रचारले थुप्रै केन्द्रीय समिती सदस्यहरूको परिवर्तनको वास्तविक आधारलाई उत्तेजित गराईदियो र त्यसलाई सतहमा ल्याईदियो । सिद्धान्तनिष्ठ एकताको पक्षमा उभिएका थुप्रै कमरेडहरू एकपछि अर्को गर्दै गल्र्याम-गुर्लुम ढल्न थाले । त्यसै बेला, केन्द्रीय समितीको बैठकमा बादलको निसर्त एकताको चर्को आलोचना गर्ने एकजना कमरेडले एउटा कःव मार्फत मलाई वहाँले आफ्नो अभिमत जानकारी गराउनु भयो । त्यसमा लेखिएको थियो, "एकताको भेलवाढी थेग्न सकिन, त्यसैमा पौडिने विचार गरें, सके पार लगाउँला नसके नियति ठानुँला ।"पार्टीले नव-संशोधनवादीसंग एकताको आधार खोज्ने प्रस्ताब नै ल्याउनु हुदैनथ्यो भनेर नेतृत्वको आलोचना गर्ने अर्को कमरेड पनि अन्ततः ढल्नु भयो । धेरै कमरेडहरूले आफै माथिको विश्वास गुमाएर बादलले अगाडि सारेको निसर्त एकताको प्रस्तावको सामु लम्पसार पर्नु भयो । एकताको आँधी र संचार माध्यमको प्रचारले निर्माण गरेको वाह्य दवावका कारण ती कमरेडहरूको आन्तरिक कमजोर आधारलाई बदलियो । यसको परिणाम स्वरुप बादलको नेतृत्वमा नेकपा (क्रान्तिकारी माओवादी) भित्रका थुप्रै नेताहरूका बीचमा नव-संशोधनवादी ध्रुवीकरण हुन गयो । र अन्ततः यो गुट नव-संशोधनवादका आधारमा नयाँ एकता गर्दै प्रचण्डको नव-संशोधनवादमा विलिन हुन पुग्यो ।

अर्कोतिर, बादलको नव-संशोधनवादी अडानका विरुद्धको तीखो दुइलाईन संघर्षले धेरै कमरेडहरूलाई क्रान्तिकारी दिशामा रुपान्तरण गराइ दियो । फलतः यसले कमरेड किरणको नेतृत्वमा सच्चा माओवादीहरूको बीचमा क्रान्तिकारी ध्रुवीकरण भयो । नेकपा (क्रान्तिकारी माओवादी)का क्रान्तिकारी नेताहरूको बीचबाट यसरी बनेको टिम मालेमाका आधारमा नयाँ पार्टीका रुपमा अगाडि आयो । यो पार्टीले नव-संशोधनवादी आँधीको झोंक्कालाई प्रतिरोध मात्र गरेको छैन बरु त्यसलाई धुजा-धुजा पारेर नेपालमा मालेमावाद र नयाँ जनवादी क्रान्तिको पक्षमा सतीसाल भएर दृढता पुर्वक उभिएको छ । वस्तुतः यो परिघटना विश्व भरीका सर्बहारावादी क्रान्तिकारीहरूका लागि गौरवको विषय र जनताका दुश्मनको लागि टाउको दुखाईको कारण बन्न गएको छ ।

विजातीय विचारधाराका विरुद्ध अनवरत संघर्ष गर्नु भनेको ज्वारभाटाका विरुद्ध उभिनु हो भनेर माओले भन्नु भएको छ । माओका अनुसार, "ज्वारभाटाका विरुद्ध जानु माक्सृवादी-लेनिनवादी सिद्धान्त हो ।" यो उद्धरणलाई १९७४मा शाँघाइबाट प्रकाशित 'चिनियाँ कम्युनिस्ट पार्टीको आधारभूत बुझाइ' नामक एउटा महत्वपूर्ण पूस्तकबाट लिइएको हो । त्यसरी नै, यही पुस्तकमा चिनियाँ कम्युनिस्ट पार्टीले लेख्दछ, "ज्वारभाटाका विरुद्ध जानु भनेको मार्क्सवादलाई दृढतापूर्वक अंगाल्ने र अवसरवाद, संशोधनवाद र सबै प्रकारका गलत प्रवृत्तिहरूका विरुद्ध संघर्ष गर्ने भनेको हो । अन्तर्राष्ट्रिय क्षेत्रमा यसको अर्थ साम्राज्यवाद, संशोधनवाद र सबै प्रकारका प्रतिक्रियावादी प्रति-धारहरूका विरुद्ध संघर्ष गर्ने भनेको हो, आन्तरिक रुपमा यसको अर्थ सबै प्रकारका अवसरवादी कार्यदिशाहरूको र गैर-सर्वहारा वैचारिक प्रवृत्तिहरूको विरोध गर्नु हो ।" हालैको केन्द्रीय समितिको बैठकमा चलेको दुईलाईन संघर्षका सन्दर्भमा बादलको नव-संशोधनवादी अडानका विरुद्ध कमरेड किरणको नेतृत्वमा चलाइएको वैचारिक संघर्ष वस्तुतः माओको शब्दमा, ज्वारभाटाका विरुद्ध नै थियो । यो प्रक्रियामा, हामीले नव-संशोधनवादलाई हराएर मालेमावादको रक्षागर्न सक्षम भएका छौं ।

यतिखेर, बादलले नेतृत्व गरेको नव-संशोधनवादी गुटमाथि हाम्रो पार्टीले वैचारिक तथा राजनीतिक विजय प्राप्त गरेको छ । हाम्रो नयाँ जनवाद, समाजवाद र साम्यवादसम्म पुग्ने लामो तथा महान यात्रामा यो विजय एउट सानो खुड्किलो मात्र हो । यति नै बेला हाम्रो पार्टीले राष्ट्रिय भेलाको आयोजना पनि गरेको छ । यो स्थितिमा एकातिर हामीले यही भेलाबाट क्रान्तिको दिशामा चामत्कारिक छलाँ मार्नु पर्दछ भन्ने अपेक्षा गर्नु हुँदैन भने अर्कोतिर बादलले नेतृत्व गरेको नव-संशोधनवाद माथिको विजयबाट सन्तोष लिएर ढुक्कसंग बस्नु पनि आत्मघाती कदममात्र हुन्छ । यो भेलाले हाम्रो पार्टीको आगामी संगठन र संघर्षसम्बन्धी कार्यभारलाई सही दिशानिर्देश गर्न सक्नु पर्दछ । यति बेला हामीले गर्न सक्ने र गर्नैपर्ने न्युनतम कार्यभारहरू निम्नानुसार रहेका छन् ।

एक, हाम्रो पार्टीले यो भेलाबाट मुख्यतः नव-संशोधनवादका विरुद्धको पछिल्लो दुईलाईन संघर्षका समस्त अनुभवहरूलाई सहीढलि संश्लेषण गर्नु पर्दछ र मालेमालाई आम पार्टीपंक्ति र दैनिक राजनीतिक आचरणमा पुनर्स्थापित गर्नुपर्दछ । संसदवाद र मार्क्सवादका बीचमा सीमा स्पष्ट सीमारेखा कोरेर सिर्पा पार्टीलाई क्रान्ति तर्फ सोझ्याउनु पर्दछ । नव-संशोधनवाद र अरु सबैखाले गलत विचारहरूका बिरुद्धको संघर्ष र भण्डाफोरलाई तीव्र पार्नु पर्दछ । दुई, पार्टीमा लेनिनवादी संगठनात्मक सिद्धान्तलाई पुनर्स्थापित गर्नु पर्दछ । भेला पछि क्रियाशील हुने केन्द्रीय समितीले कम्तिमा पनि त्यसको स्पष्ट संकेत गर्न सक्नुपर्दछ । तीन, सत्ता प्राप्तिको संघर्षमा हाम्रो देशको विशेषतासंग मेल खाने गरी हाम्रो पार्टीले अवलम्बन गर्नुपर्ने

... बाँकी ८ पेजमा

◆ झर्रोटर्रो ✍ कैलुब्राह

## कार्की प्यालेसमा सुप्रिमोको सम्भाषण

**प्रिय कम रेडहरू ।**

**सर्वप्रथम हाम्रो महान् तथा गौरवशाली पार्टी नेकपा माके र मेरो आफ्नै त्रफबाट सत्ताधारी न्यानो अभिवादन स्वीकार्नुस् !**

आज म धैरै पीडाका साथ केही कुराहरू लिएर तपाईहरू सामू खुसी साट्न यो कार्की प्यालेसमा उपस्थित भएको छु । म के ठान्छु भने भ्रान्तिको आवश्यकतामा कहिलेकाँही कार्यकर्ताका बिचमा पनि आउनु पर्दोरहेछ । शान्ती प्रक्रियामा आएर सत्ता सञ्चालन गरेर आफ्नो पुस्ताको भविश्य सुदृढ गर्न हिँडिसकेको मान्छे फेरि कार्यकर्तामा फर्कनु पर्ला भन्ने त सौचिएकै थिएन । परिस्थितिले सौँच्न बाध्य बनायो । नेपालका नामी नामी ठेकेदार, उद्योगी, ब्यापारी, डन, तस्कर, दलाल र विदेशी खुफिया एजेन्सीका घाग्डान मान्छेहरूसँगको सङ्गतले मात्र पुगेन । त्यसैले आज म आफ्नै दलबलका साथ यस कार्की प्यालेसमा उपस्थित भएको छु । जनयुद्ध छोडेर यता आएपछि मेरो कदमलाई सबैले सही हो भनेर प्रशंसा गरे । मैले गिरिजाबाबुलाई तपाईको उत्तराधिकारी बन्चु भनेर बचन दिइसकेको पनि थिएँ । जनयुद्ध छोडिसकेपछि अब सर्वहारावर्गको नेता होइन सबै नेपालीको नेता बन्नुपर्छ भनेर सुझाव दिनु भा'थ्यो उहाँले । खासमा नेपालमा सर्वहारा वर्ग पनि छैन क्या । त्यो कुरा सोह्रै आना मनासिव हो भन्ने म ठान्छु । बरू यस्तो राम्रो कुरा हाम्रा भित्रैका साथीहरूले नबुझिदिँदा र आलोचना गर्दा अत्यन्तै पीडाको अनुभूति हुने गर्थ्यो । हिजोका दिनमा प्युठानी गुरु र गोर्खाली डाक्सावले मलाई कम्ता हैरानी खेलाएका थिए । त्यो त यही मनलाई थाहा छ कि उनीहरूकै मनलाई थाहा होला । दुवैलाई ब्यालेन्समा राखेर काम गर्न मलाई कम्ता गह्रो भयो । मैले ती दुबैलाई एकैसाथ राखेर कुरा गरिन । उनीहरू दुबैलाई यो अध्यक्ष मैरै पक्षमा छ भन्ने कुरामा विश्वस्त पारेको थिएँ । वास्तवमा दुवै भ्रममा थिए (गदगद हाँसो) । यो मेरो कुसल कुटीलनीति थियो । बरू एउटासँग गरेको कुरा अर्कोसँग पुग्छ कि भनेर सँधै म त्रासमा हुन्थेँ । आज दुवै बाहिर भएकाले मलाई हाइसन्चो भएको छ । वास्तवमा मलाई साथ दिने त आफ्नै गाउँले छिमेकीले हो भन्ने ठानेर यो वादलजीसँग एकताको आह्वान गरेको हुँ । किनकि वादलजीसँग बर्सा पनि साथमै हुनुहुन्च, त्यसले हामीलाई शितलता दिन्च । नभन्दै हामी प्यालेस भित्र हुँदा बाहिर बर्सा पनि भइरहेको छ । यो शुभ लक्षण हो । (गडडड तालि बज्यो)

मार्क्सवाद-लेनिनवाद भनेको त गतिशील विज्ञान पो हो त । 'छेपाराले घोचो समाएझैं' समाउने कुरा त होइन । अझ माओवाद भनेको त हिँडेको हिँड्यै गर्ने दर्शन हो । छापामार युद्धमा एकैठाउँ जमेर बस्न कहाँ सकिन्छ र ? आज माले मसाले मण्डलेको संयुक्त सरकार छ । मालेदखि मण्डलेसम्मलाई एउटै मोर्चामा ल्याउनु त आजको मार्क्सवाद हो । वादलजीले उताको बैठकमा मिलेराँवाद आजको मार्क्सवाद हो भनेर ठोकिदिनु भएच । एकदम ठिक भन्नुभो । त्यै भएर त हामी एकैठाउँमा उभिन सम्भव भएको हो (तररर ताली ) । ऐलेको जमानामा शास्त्रीय दर्शनले काम लाग्दैन । आफ्नो योजना अनुसार दर्शनलाई ढाल्न सक्नु पर्च । लेनिनका पालामा पार्टी कमिटीमा नेता कार्यकर्ता कम हुन्थे । त्यसैले बैठकमा समय विताउन आलोचना आत्मालोचनाको विधि विकास गर्नुभएको हो । अहिले पार्टी २१औं शताब्दीमा छ । कमिटी ठूलठूला भएका छन् । आलोचना-आत्मालोचना गर्ने समय छैन । फेरि अनावश्यक रूपमा सहयोद्धाहरूका नराम्रा कुरा कोट्याएर केही फाइदा छैन । कोट्याउँदै जाने हो भने त पेटभित्रको आची पनि त देखिन्च भनेर हामीले आलोचना गर्ने परिपाटीको अन्त्य युद्धकालमै गरेका थियौं । अहिले शान्ति प्रक्रियामा आएपछि पार्टी झन् ठूलठूला भए । कमिटीको बैठक नै आमसभामा बदलिएको बेला लेनिनको विधि समात्नु भनेको जड्सूत्रवाद हुन्च । यी हेर्नुस् हाम्रै कति ठूलो छ । संसदमा ६०१ छौँ । यता ६९९ । यसलाई चौध पन्ध्र सयसम्म पुर्‍याउने लक्ष्य राख्नु पर्च । साथीहरूले यो कुरा किन नबुझेको होला ! युद्धकालमा पनि त हामीले सानो समस्या हल गर्न ठूलो समस्यामा हात हाल्थ्यौं । कमसेकम उता सांसद हुन नपाए पनि यता सिसिएम हुन पाइयो भनेर साथीहरूलाई आत्मसन्तुष्टि त मिल्च । त्यसो गर्नु अहिलेको लेनिनवाद हो ।

अहिले मेरा तिसौं वर्षदेखिका सहयोद्धाले मेरो आलोचना गर्नुभयो रे भन्ने सुन्चु । उहाँ मेरो लगौंटिया यार पनि हो । सुन्चु उहाँले त मलाई लगौंटी थुतेर फाल्यो भनेर आलोचना गर्नुभयो रे । यस्तो के कुरा गर्‍या होला ? हिजो युद्धको चापमा भागदौड गर्दा लुगाफाटो सम्हाल्ने फुर्सद हुँदैनथ्यो । त्यसैले लगौंटी लगाउनु पर्थ्यो । थारू, मगर समुदायले पनि लगौंटी लाउँछन् । जनताभन्दा फरक पहिरनमा आफूलाई उभ्याउने बित्तिकै दुश्मन र जाली फटाहाले चिन्ने खतरा हुन्थ्यो । उनीहरूबाट बच्न जनताको भेषमा रहनु पर्थ्यो । हाम्रो उखान पनि त छ 'देश अनुसारको भेष, कपाल अनुसारको केस' । 'कानो देशमा गए आँखा चिम्लनु, खोरो देशमा गए खुट्टा खोच्याउनु ।' यतिखेर हामी सडकबाट सत्तामा पुगेका छौं । युद्धका बेला जोजससँग वर्गसङ्घर्ष गर्थ्यौं अहिले तिनैसँग हातमा हात, काँधमा काँध मिलाउनु परेको छ । युरोप, अमेरिका जस्ता विकसित र ठूलठूला देशका महामहिमहरूसँग साथै बस्नु परेको छ । लन्च र डिनर खानुपरेको छ । यस्तो बेला लगौंटी लगाएर राउटेजस्तो भएर जाँदा के भन्लान् ? हामीलाई पाखे, गँवार, असभ्य भनेर हेप्दैनन् ? त्यसैले टाइसुटमा सजिएर उनीहरूका भन्दा पनि अझ चिल्लो-चाफुल्लो, हृष्टपुष्ट भएर खाइलाग्दो हुनु परेन ? हामी नेपालीलाई गोर्खे, बहादुर, भाडाका सिपाही भनेर कसरी हेप्छन् ? त्यसैले पनि उनीहरू भन्दा अझ सभ्य, भलाद्मी देखिनुपरेको छ । साथीहरूले यस्तो कुरै नबुझेर लगौंटी थुतेर फाल्यो भनेर आलोचना गर्ने ? मेरा गुरुले मलाई विचार-दर्शन-सिद्धान्तमा हिँडेन भनेर मलाई छोड्नुभो । उहाँ पनि कस्तो जड्सूत्रवादी हुनुहुन्च ? मलाई दिक्क लागेर आउँछ कहिलेकाँही । 'गुरु गुड, चेला सख्खर' हुन्च भन्ने कुरा कस्तो थाहा नपाएको उहाँले । गुरुले जे सिकायो त्यही बाटोमा हिँड्नुपर्च भन्ने हो भने मार्क्सवादको विकास कसरी हुन्च ? लेनिनले ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा चल्नुपर्च भनेको होइन ? हामी बाह्रबुँदे सम्झौतामा अरू दलहरूसँग मिलेर जाँदा राजतन्त्र फाल्यौं । अहिले उनीहरूलाई धोका दिएर एक्लै हिँड्न मिल्च ? धोकेबाज भनेर बदनाम गर्दैनन् ? फेरि बाह्रबुँदेदेखि संविधानसभाको निर्वाचन गरेर गणतन्त्र नेपालको प्रथम प्रधानमन्त्री हुँदासम्म गिरिजा बाबुसँग थुप्रै सहमति सम्झौता गरियो । अहिले गिरिजाबाबु हाम्रा सामू हुनुहुन्न । (भावुक हुँदै) उहाँ नभएपछि उहाँसँग गरेका सहमति लागू गर्ने एकमात्र व्यक्ति हुनुको नाताले मैले तिनलाई पूरा गर्न हदैसम्मको लचकता प्रदर्शन गर्नुपरेको छ । त्यसका लागि मैले जस्तोसुकै त्याग गर्न पनि सक्नुपरेको छ । सबै प्रकारको त्याग नगर्ने हो भने हामीलाई पत्याउँदैनन् । त्यसैले मैले लगौंटी त्यागेँ, लगौंटी लगाउने जनता, कार्यकर्ता त्यागेँ । ढिँडो, रोटी त्यागेँ । गाउँघरका झुप्रा-बुकुराका सेल्टर त्यागेँ । यो सबै भ्रान्तिकै लागि त हो नि । अहिले पुरानो मार्क्सवादी लेनिनवादी र माओवादी विचार त्याग्ने प्रतिवद्धता गर्न यहाँ उभिएका छौं । अब त्यसको ठाउँमा हाम्रै माटोमा जन्मिएका गिरिजावाद, कमल थापावाद, गच्छदारवाद, केपीवाद, शेरबहादुरवाद, उखानटुक्कावाद, ठेकेदारवाद, डनवाद, तस्करवाद, दलालवाद, उतापट्टी करिस्मा भए यतापट्टी

... बाँकी ७ पेजमा

# विश्व भूमण्डलीकरण र तीव्र बन्दै गएको अन्तरसाम्राज्यवादी प्रतिस्पर्धा

पछिल्लो सताब्दीको अन्तिम दशकको सुरुआतमा सोभियत संघको समाजवादको पतन भएपछि केवल बुर्जुवा सिद्धान्तकार हरूले मात्र होइन, बरु कतिपय मार्क्सवादी सिद्धान्तकारहरूले पनि अमेरिकाको एकछत्र साम्राज्य र विश्वपुँजीवादको एक ध्रुवीयतालाई एक स्थायी परिघटना मान्दै भौँती भौँतीका सिद्धान्त र भुमण्डलीकरणका कारण बदलिएको परिस्थितिको हवला दिँदै साम्राज्यवादको बारेमा लेनिनले गरेको संश्लेषणलाई वर्तमान विश्वमा अप्रासंगिक बताउने होड नै चल्यो । कैयौं सिद्धान्तकारहरूले काउत्स्कीको अति-साम्राज्यवाद(ग्तिचब(क़ुभचषब्षिक) सम्बन्धी थेसिसको आधुनिक संस्करण प्रस्तुत गर्दै यो पनि भन्न सुरु गरे कि भुमण्डलीकरणको युगमा अन्तरसाम्राज्यवादी प्रतिस्पर्धा स्थायी एवं अनुत्क्रमणीय तरिकाबाट समाप्त भयो र विश्व पुँजीवाद अन्तरविरोधरहित एक शान्तिपूर्ण प्रतियोगितातर्फ प्रवेश गरिसकेको छ । तर विश्वस्तरमा पछिल्ला केही वर्षयताका घटनाक्रमलाई हेर्ने हो भने सतहमा देखिने अमेरिकी साम्राज्यवादी बर्चस्वको एक ध्रुवीयता तथा विश्व पुँजीवादको एकात्मकस्वरुपभित्र अन्तरसाम्राज्यवादी प्रतिस्पर्धा तीव्र हुने जमिन तयार हुँदै गएको छ । अमेरिकी नेतृत्वको पश्चिमी साम्राज्यवादी खेमालाई कडा चुनौती दिँदै चीन र रुसको नेतृत्वमा नयाँ साम्राज्यवादी खेमा समयको चक्रसँगै उदय हुँदै गएको छ । युक्रेन तथा मध्यपूर्वमा जारी अस्थीरता र विनाशकारी युद्धोन्मादी अन्तरसाम्राज्यवादी प्रतिस्पर्धा निकै तीव्र र तिख्खर बन्दै गएको छ ।

**अमेरिकी साम्राज्यवादको वर्चस्वमा ह्रास**

अमेरिकाको सैनिक शक्तिको सर्वोच्चताले प्रायः यो भ्रम दिने गर्दछ कि विश्वस्तरमा अमेरिकी साम्राज्यवादको वर्चस्व बढिरहेको छ । सोभियत संघको विघटनपछि यो भ्रम फैलने आधार अझ बढी मजबुत बन्यो । तर जब सतहमा देखिने सत्यको भित्र छिरेर वास्तविक यथार्थसम्म पुगेर हरेक घटनाको विश्लेषण गर्ने मार्क्सवादी विज्ञानको आलोकमा अमेरिकी साम्राज्यवादको वर्चस्वको अध्ययन गर्ने हो भने पत्ता लाग्दछ कि दोस्रो विश्वयुद्धपछि अस्तित्वमा आएको अमेरिकी साम्राज्यवादी वर्चस्व १९७० को दशकको सुरुवातमा 'डलर-गोल्ड' मानकमा आएको गिरावटका साथसाथै समय बित्तै जाँदा उसको पुँजीवादी व्यवस्थाको वर्चस्वमा गिरावट बढ्दै गएको छ ।

विश्व पुँजीवादमा अमेरिकी वर्चस्वको ह्रासको केही तथ्यांकको माध्यमबाट सजिलै बुझ्न सकिन्छ । विश्व बैंकद्वारा जारी आँकडाका अनुसार जहाँ १९६० मा विश्वको कूल घरलु उत्पादन(जीडिपी)मा अमेरिकाको हिस्सा ३८.४ प्रतिशत थियो, जुन २०१२ मा घटेर २२.५ प्रतिशतमा आइपुग्यो । जबकि द्वितीय विश्वयुद्धपछि लगत्तैको अवस्थामा अमेरिकाको यो हिस्सा ५६.४ प्रतिशत थियो । द्वितीय विश्वयुद्धपछि विश्वभरको जिडिपीमा जर्मनी, फ्रान्स एवं इटलीको हिस्सा बढ्यो तर पछिल्लो डेढ दशकमा यी देशहरूको हिस्सेदारी कम भएर गएको छ । पछिल्ला वर्षहरूलाई हेर्ने हो भने चीनले विश्व पुँजीवादी उत्पादनमा आफ्नो हिस्सेदारी अभूतपूर्व रुपमा बढाएर लगेको छ । यति मात्र होइन, अमेरिकी अर्थव्यवस्थामा अधिकांश लगानी वित्तीय सेवाको क्षेत्रमा गरिएको छ, जुन उसको परजीवि चरित्रको पहिचान हो । संयुक्त राष्ट्रको आँकडा अनुसार म्यानिफ्याक्चरिङ क्षेत्रमा पछिल्लो ४० वर्षमा अमेरिकी अर्थव्यवस्थाको हिस्सेदारी २६ प्रतिशतबाट घटेर २० प्रतिशत रहन गएको छ । २००७ देखि जारी महामन्दीले अमेरिकी अर्थव्यवस्थाको ढाड भाँचिदिएको छ र यस महामन्दीका कारण निकट भविष्यमा त्यसबाट बाहिर आउन सक्ने कुनै संकेत पनि देखिदैन ।

इराक एवम् अफगानिस्तानमा गरिएको सैन्य हस्तक्षेपमा पनि अमेरिकी साम्राज्यवादीको चाहनामाथि पानी खन्याइदिने काम भएपछि उसको सैन्य क्षमतामाथि पनि अनेक प्रश्नहरू खडा भए । दशकभन्दा लामो समयदेखि जारी तथाकथित आतंकवादका विरुद्ध गरिएको युद्धले आतंकवादलाई समाप्त पार्नेभन्दा अझ भयावह रुप दिने काम गऱ्यो । अलकायदालाई खत्तम बनाउने कुरा त छाडिदिउँ अमेरिकी साम्राज्यवादी नीतिले इस्लामिक स्टेट, बोको हराम जस्ता कैयौं भस्मासुरहरुलाई पैदा गरेको छ ।

**चीनको उदय**

माओको मृत्युपश्चात् देङको नेतृत्वमा चीनले समाजवादबाट 'रिवर्स गियर' लगाउँदै पुँजीवादतर्फको बाटो समात्यो । इतिहासको यो पश्चगामी कदमबाट आम मेहनतकश जनताको जीवन दुरुह बन्यो । त्यही चीन दुनियाँको सबभन्दा बढी तीव्र गतिमा विकसित हुनेवाला पुँजीवादी देशको रुपमा उदायो । यति मात्र होइन, यो एउटा साम्राज्यवादी देशको रुपमा तीव्रताका साथ अगाडि आइरहेको छ र अमेरिकी साम्राज्यवादी वर्चस्वलाई कडापूर्वक चुनौती दिइरहेको छ । चीनको अर्थतन्त्र विश्वमा दोस्रो नम्बरको अर्थव्यवस्था हो र अमेरिकाका थिंक ट्यांकहरूको आँकलनले नै बताइरहेको छ कि केही वर्षपछि नै यसले अमेरिकालाई पछारेर विश्वको सबैभन्दा बढी अर्थव्यवस्था बन्नेछ । पछिल्लो ४० वर्षमा विश्वको कूल म्यानिफ्याक्चरिङ मूल्यमा चीनको हिस्सेदारी १ प्रतिशतबाट बढेर १८ प्रतिशतसम्म पुगिसकेको छ ।

विश्वको सबैभन्दा ठूला दश बैंकहरूमध्ये चार बैंक चीनको छ । यो तथ्यले विश्व वित्तीय बजारमा चीनको बढ्दो दबदबालाई संकेत गर्दछ । औद्योगिक पुँजी र बैंकिङ पुँजीको विलयबाट चीनमा पनि वित्तीय पुँजीको एक विराट साम्राज्य खडा भएको छ, जसको महत्व चीनको अर्थव्यवस्थामा समय बित्तै जाँदा बढ्दै गइरहेको छ । वित्तीय पुँजीको अस्तित्वका अतिरिक्त साम्राज्यवादलाई अभिलाक्षणिकताको रुपमा लेनिनले पुँजी निर्यातलाई पनि प्रमुखता दिएका थिए । यस आधारमा जब चीनको अर्थव्यवस्थाको अध्ययन गरिन्छ, तब पाइन्छ कि पुँजीको निर्यातको मामलामा पनि चीनको अर्थव्यवस्थाले पछिल्ला केही वर्षहरूमा जबर्जस्त विकास गरेको छ, जसले उसको साम्राज्यवादी चरित्रलाई स्पष्ट गरेको छ । २००७ मा सुरु भएको विद्यमान विश्वव्यापी महामन्दीभन्दा अगाडिदेखि नै चीनले ' गो ग्लोबल' (विश्वतर्फ लम्क)को नीति अन्तर्गत आफ्नो अर्थव्यवस्थालाई सस्तो वस्तुको निर्यातवाला अर्थव्यवस्थाबाट पुँजी निर्यातवाला अर्थव्यवस्थातिर मोड्न सुरु गरिसकेको थियो । महामन्दीपछि त चीन यो दिशामा अझ तीव्रताका साथ अगाडि बढेको छ । बर्ष २०११ मा चीनले कूल ४.६ खरब डलरको पुँजी निर्यात गरेको थियो । यो पनि साँचो हो कि चीनको अर्थव्यवस्थामा विदेशी पुँजीको आयात पनि ठूलो मात्रामा हुन्छ, तर पछिल्ला केही वर्षहरूदेखि चीनको पुँजी निर्यात आयातको तुलनामा तीव्रताका साथ बढिरहेको छ र आज चीन 'नेट पुँजी निर्यातकर्ता' देश बनिसकेको छ । चीनको पुँजी निर्यातमा प्रत्यक्ष विदेशी लगानी एवं पोर्टफोलियो लगानी दुवै आवद्ध छ । चीनबाट निर्यात गरिने पोर्टफोलियो इन्भेष्टको धेरै ठूलो हिस्सा अमेरिकाको 'ट्रेजरी बोण्ड'को रुपमा हुने गर्दछ । यसप्रकारको बोण्ड चीनको लगानीको रुपमा अमेरिकी सरकार चीनको ऋणी बनेको छ, जसले चीनको बढ्दो

आनन्द सिंह

प्रभुत्वलाई दर्शाउँछ ।

आज चीन पश्चिमी विकसित मुलुकहरूदेखि लिएर एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका देशहरूसहित विश्वको कुना कुनामा आफ्नो पुँजी लगाइरहेको छ । चीनका कम्पनीहरूले ठूलो मात्रामा अमेरिकाका कैयौं कम्पनीहरूमा लगानी गरिरहेका छन् र तमाम कम्पनीहरू खरिद पनि गरिरहेको छ, जसले अमेरिकी पुँजीपतिहरूमा संकट निम्त्याएको छ । अष्ट्रेलियामा चीनले उत्खनन्, तेल, ग्याँस र अन्य प्राकृतिक संशाधनका लागि भनेर ठूलो मात्रामा लगानी गरेको छ र पछिल्ला बर्षहरूमा खाद्य, एग्रिबिजिनेस, रियल स्टेट, नवीकरणीय ऊर्जा, हाई टेक एवं वित्तीय सेवाहरूमा लगानी गर्न सुरु गरेको छ । यसैगरी क्यानाडामा पनि चीनले तेल, ग्याँस र उत्खननमा ठूलो मात्रामा लगानी गरेको छ । ब्राजिलमा चीनले ऊर्जा र धातु उद्योगमा लगानी गरेको छ । यसैगरी ल्याटिन अमेरिकी देशहरू जस्तै, पेरु, अर्जेन्टिना, इक्वेडोर आदिमा पनि चीनले ऊर्जा एवं पूर्वाधारको क्षेत्रमा पुँजी लगानी गरेको छ । आफ्नो छिमेकी देश भियतनाममा

> केही समय पहिले ब्रिक्सद्वारा विश्व बैंक तथा आइएमएफको विकल्पकको रुपमा एक अन्तर्राष्ट्रिय विकास बैंकको स्थापना गरिएको छ । ब्रिक्सका देशहरूबीचमा पनि कतिपय प्रकारका विवाद र मतभेदहरू व्याप्त छन् तर अमेरिकी साम्राज्यवादका विरुद्ध एक नयाँ साम्राज्यवादी ध्रुव खडा गर्ने सवालमा उनीहरूबीच बलियो सहमति छ । यहाँसम्म कुरा भएको छ कि ब्रिक्सका देशहरुले विदेशी व्यापारमा डलरको सट्टा एक अर्काको मुद्रामा व्यापार गर्न सक्नेछन् ।

चीनले लकडी, रबर, खाद्य यद्योग तथा खनिज सम्पदामा लगानी गरेको छ । दक्षिण एशियामा नेपाल, पाकिस्तान, बंगलादेश र श्रीलंकामा पनि चीनले पुँजी लगानी गरिरहेको छ । नेपालमा चीनले पुँजी लगानीको मामलामा भारतलाई पछाडि पारिसकेको छ ।

अफ्रिकामा चीनले पुँजी लगानीलाई विशेष प्राथमिकता दिएको देखिन्छ । माओकालीन चीनले अफ्रिकी मुलुकमा लगानी गरेर मित्रतापूर्ण सहयोग गर्दथ्यो । तर आजको चीन यो पुरानो मित्रताको प्रयोग आफ्नो साम्राज्यवादी महत्वाकांक्षा पूरा गर्नका लागि ठूलो मात्रामा पुँजी लगानी गरिरहेको छ । चीनको लगानी नाइजेरिया, जाम्बिया, घाना, बाइबेरिया, रुवाण्डा, सुडानजस्ता अफ्रिकी मुलुकहरूमा सबभन्दा बढी छ । अहिले पूरै अफ्रिकामा एक हजारभन्दा बढी कम्पनीहरूले काम गरिरहेका छन् भने त्यहाँ रहने चिनियाँहरूको संख्या १० लाखभन्दा बढी छ ।

**रुसको उदय**

स्टालीनको मृत्युपछि सोभियत संघमा पुँजीवाद पुनर्स्थापना भएपछि रुस सोभियत संघका अन्य देशहरूको उत्पीडकको रुपमा उदायो । यसका अतिरिक्त विश्वका अन्य देशहरूमा पनि उसले साम्राज्यवादी विस्तारको नीति लियो र उसले सामाजिक साम्राज्यवादको नेतृत्व गऱ्यो । तर १९९० को दशकको सुरुवातमा सोभियत संघ विघटनपछि रुसको अर्थव्यवस्थामा पूरै गिरावट आयो । तर नयाँ सताब्दीको थालनी हुन पाउँदा नपाउँदै रुसको अर्थव्यवस्था एकपटक फेरि उठेर खडा भयो र फेरि एकपटक पश्चिमी साम्राज्यवादी खेमाका विरुद्ध नयाँ साम्राज्यवादी खेमाको नेतृत्वकारी तागतको रुपमा उदय भएको छ । आज रुस केवल कमनवेल्थ अफ इन्डिपेन्डेन्ट स्टेट्स (पूर्व सोभियत संघमा सामेल भएका देशहरूको समूह)मा मात्रै होइन, बरु युरोप, एशिया, अमेरिका एवं अफ्रिकाका देशहरूमा पनि आफ्नो पुँजीको निर्यात गरिरहेको छ । युरोपका कतिपय देशमा रुसले ग्याँस पाइपलाइनको माध्यमबाट ग्याँसको सप्लाई गर्दछ । आज उसँग लगभग ६० अरब डलरको विदेशी मुद्रा भण्डार छ र विश्वका विभिन्न देशमा २०० अरब डलरभन्दा बढी पुँजी लगानी छ । यी सबै तथ्यबाट स्पष्ट हुन्छ कि रुस एकपटक फेरि अमेरिकी साम्राज्यवादसँग प्रतिस्पर्धा गर्ने स्तरमा पुगेको छ ।

**तिख्खर अन्तरसाम्राज्यवादी प्रतिस्पर्धाका केही अभिव्यक्तिहरू**

बढ्दो र तिख्खर अन्तरसाम्राज्यवादी प्रतिस्पर्धाको प्रमुख अभिव्यक्ति भनेको ब्राजिल, रुस, भारत, दक्षिण अफ्रिका र चीनजस्ता मुलुकहरू मिलेर बनेको

बढ्दो र तिख्खर अन्तरसाम्राज्यवादी प्रतिस्पर्धाको प्रमुख अभिव्यक्ति भनेको ब्राजिल, रुस, भारत, दक्षिण अफ्रिका र चीनजस्ता मुलुकहरू मिलेर बनेको 'ब्रिक्स' समूह हो । द्वितीय विश्वयुद्धको अन्तिममा अस्तित्वमा आएको विश्वबैंक तथा आइएमएफजस्ता संस्थाहरूमा अमेरिकाको अत्यधिक दबदबा छ र त्यसमा उसको भोटिङ अधिकार विश्व अर्थव्यवस्थामा उसको हिस्सेदारीभन्दा कैयौं गुणा ज्यादा छ । यसलाई लिएर चीन तथा अन्य देशहरूले आपत्ती जनाइरहेका छन् । केही समय पहिले ब्रिक्सद्वारा विश्व बैंक तथा आइएमएफको विकल्पकको रुपमा एक अन्तर्राष्ट्रिय विकास बैंकको स्थापना गरिएको छ । ब्रिक्सका देशहरूबीचमा पनि कतिपय प्रकारका विवाद र मतभेदहरू व्याप्त छन् तर अमेरिकी साम्राज्यवादका विरुद्ध एक नयाँ साम्राज्यवादी ध्रुव खडा गर्ने सवालमा उनीहरूबीच बलियो सहमति छ । यहाँसम्म कुरा भएको छ कि ब्रिक्सका देशहरुले विदेशी व्यापारमा डलरको सट्टा एक अर्काको मुद्रामा व्यापार गर्न सक्नेछन् । भविष्यमा इन्डोनेशिया, थाइलैण्ड, मेक्सिको जस्ता देशहरुलाई पनि यस समूहमा समावेश गर्ने कुरा चलिरहेको छ । यहाँसम्म कि दक्षिण कोरिया र तुर्कीस्तान पनि यसै समूहमा आबद्ध हुन प्रभाव बढाइरहेका छन् । स्पष्ट छ कि अमेरिकी साम्राज्यवादका विरुद्ध एउटा नयाँ साम्राज्यवादी खेमा केवल अस्तित्वमा आएको मात्र छैन, यो खेमाको विस्तार पनि भइरहेको छ ।

यूरेशिया हिजोआज अन्तरसाम्राज्यवादी प्रतिस्पर्धाको मुख्य क्षेत्र बनेको छ, जहाँ साम्राज्यवादको अन्तरविरोध युद्धजस्तो परि स्थिति पैदा गरिरहेको छ । युक्रेनमा रुस एवं नाटोका बीच हालैका वर्षहरूमा जुन तनावको स्थिति बनेको छ त्यो साम्राज्यवादमा आएको अन्तरविरोधको स्थिति हो । त्यसो त नाटोका दशहरूबीचमा पनि अन्तरविरोध विद्यमान छ । युरोपका देश अमेरिकाद्वारा रुसमाथि लगाइएको प्रतिबन्धप्रति उनीहरूको त्यति चासो देखिएन । यसकारण पनि कि उनीहरूको देशमा तेल तथा ग्याँसको सप्लाई जो रुसले गर्दै आइरहेको छ । अमेरिका युरोपलाई आफूतर्फ तान्नका लागि ट्रान्स अटलाँटिक ट्रेड एण्ड इनभेष्टमेन्ट पार्टनरसिप डिलमा काम गरिरहेको छ, तर युरोपिएन देशहरूले यस डिललाई लिएर पनि त्यति उत्साहित देखिएका छैनन् ।

रुसले आफूमाथि लगाइएको प्रतिबन्धको सामना गर्नका लागि चीनसँग व्यापार सम्बन्ध तथा ज्वाइन्ट भेन्चर बनाउने दिशामा कदम बढाएको छ । हालै रुस र चीनको बीच एक ठूलो ग्याँस सम्भौता भएको छ, जस अन्तर्गत रुस डलरको सट्टा चीनको मुद्रा युआनमा ग्यासको पैसा लिन तयार भएको छ । चीनले युरोपसम्म आधुनिक 'सिल्करोड' बनाउने योजना अगाडि बढाइरहेको छ ।

यूरेशियाको पूर्वी हिस्सा तथा प्रशान्त महासागरमा चीनद्वारा तेल र ग्यासको संसाधनमाथि कब्जा गरेपछि अमेरिका भस्केको छ । यसै कारण उ यस क्षेत्रमा रहेका देशहरूसँग सकेसम्म चाँडो 'ट्रान्स प्यासिफिक पार्टनरसिप एग्रिमेन्ट'मा हस्ताक्षर गराउन चाहन्छ । ताकि उसले चीनको बढ्दो आर्थिक शक्तिलाई काबूमा राख्न सकोस् । तर चीन ट्रान्स प्यासिफिकका देशहरूसँग व्यापारिक सन्धिमाथि काम गरिरहेको छ र अमेरिकाको मुस्किल अझ बढाइरहेको छ । चीनलाई सैन्य रुपमा घेर्नका लागि अमेरिकाले प्रशान्त महासागरन्तर्गत पर्ने देशहरूसँग 'रिमपैक' नामक एक सैन्य सम्भौतामाथि पनि काम गरिरहेको छ । चीन र रुसको खेमा पनि शाङघाई कोआँपरेशन अर्गनाइजेशन नामबाट एक बहुउद्देश्यीय सैन्य संगठन पहिले नै बनाइसकेका छन्, जसमा मध्य-एशियाका कैयौं देशहरूलाई पनि सामेल गरिएको छ ।

मध्यपूर्व पनि पछिल्ला वर्षहरूमा विश्वको सबभन्दा बढी हिंसाग्रस्त हिस्सा बनेको छ । गाजामा इजरायली बर्बर हमला, लिबिया, सिरियामा जारी गृहयुद्ध, इस्लामिक स्टेटको उभार, अरब देशहरूद्वारा यमनमाथि हमला आदि यी सबै साम्राज्यवादको अन्तरविरोधहरूका अभिव्यक्तिहरू हुन् । त्यसो त मध्यपूर्वका देशहरूका शासकहरू र त्यहाँका जनताबीचको अन्तरविरोध, विभिन्न देशका शासकहरूबीचको अन्तरविरोध ता साम्राज्यवादी खेमाबीचको अन्तरविरोध, यी तीन अन्तरविरोधले मध्यपूर्वको हिंसामा एकसाथ काम गरेको छ । अरब मुलुकहरूमा आफ्नो प्रभुत्व स्थापित गर्न कोशिस गरिरहेको अमेरिकी साम्राज्यवाद आफैले बनेको जालमा आफै फस्दै गइरहेको छ । सिरिया शासकलाई अपदस्त गर्दा रुसमाथिको आफ्नो विजय हुने देखेको अमेरिकाले इस्लामिक स्टेटजस्तो आतंकवादी संगठनको साहरा लियो । र, उसलाई हात हतियार लगायत युद्ध सामग्री उपलब्ध गरायो । तर अब यो आतंकवादी संगठन अमेरिका स्वयम्का लागि आत्मघाती बन्दै गएको छ । अमेरिका अरब मुलुकमा इरान, चीन र रुसको उपस्थितिलाई लिएर तीव्र असन्तुष्टी जनाइरहेको छ । अरब मुलुकहरूमा ग्याँस र तेलको लागि बढ्दै गएको चिनियाँ लगानीप्रति अमेरिका चिन्तित बनेको छ । यसरी अमेरिकाले आफ्नो चौतर्फी बर्चस्व गुमाउदै गएको छ ।

आजको युग साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग हो । अन्तरसाम्राज्यवादी अन्तरविरोधको बीचबाट सिर्जित परि स्थितिप्रति सचेत पहलकदमी चाल्दै सर्वहारावर्गले आफ्नो क्रान्तिको झण्डालाई माथि उठाउन बलिदानीपूर्वक जुट्न जरुरी छ ।

वर्गदृष्टि Bargadrishti Weekly साप्ताहिक


# हाम्रो निष्ठाको अविराम यात्रा

*(विचारोत्तेजक र भावोत्तेजक कवि इच्छुकको यो तत्कालीन समयको प्रतिनिधिमूलक आलेख हो । दशवर्षको जनयुद्ध, त्यसले लिएका महान लक्ष्य र आदर्शहरूलाई रछ्यानमा मिल्काएर निहीत स्वार्थका लागि नाङ्गै दौडने प्रवृत्तिको जगजगी बढिरहेको यो समयमा इच्छुकको यो आलेखले एउटा महान र ऐतिहासिक कालखण्डको सम्झना गराउने मात्र होइन, क्रान्तिकारीहरूलाई आस्था र निष्ठाको अविराम यात्रा जारी राख्ने ऊर्जा पनि प्रदान गर्दछ । यही हेतु यहाँ यो आलेखलाई प्रस्तुत गरिएको छ ।* – **सम्पादक**)

**प्रिय पाठकवृन्द,**

अहिले म तपाईंहरूसित केही वैयक्तिक र केही साहित्यिक भलाकुसारी गर्न लागिरहेको छु । कुराकानी भनौं वा भलाकुसारी भनौं आफै नै साहित्यिक र गैरसाहित्यिक त हुँदैनन् तर तिनलाई अनुभूतिको रस र अनुभवको र्‍भिरेर त्यस्तो बनाउन अथवा नबनाउन भने सकिन्छ । भलाकुसारीको सुरुवात दुई वर्षअघिको त्यही घटनाबाट गरुँ, जुन घटनाका कारण म मेरा प्रियजनहरूसित भौतिकरुपले अलग्याइएर चारपर्खालभित्र बन्दी बनाइएँ । आज म त्यस बन्दीगृहबाट फेरि मुक्त आकाशमुनि तपाईहरूकै बीचमा आइपुगेको छु र तपाईहरूले जस्तै खुल्ला तथा उन्मुक्त हावामा प्रफुल्ल भएर सास फेरिरहेको छु । वास्तवमा अग्लो चारपर्खालभित्रबाट निस्केर आए पनि र सर्सर्ती नियाल्दा खुल्ला र पर्खालविहीन जस्तै देखिए पनि तपाई हामी बाँचेको यो बाहिरी परिवेशभित्रको जेलभन्दा कति खुल्ला र कति उन्मुक्त छ ? र, हाम्रा सुन्दर सपना र कल्पनाहरू यहाँ कति निर्वन्ध र कति स्वतन्त्र छन् ? मैले भनिरहनु भन्दा पनि तपाईहरू स्वयमूले नै प्रत्यक्ष देखेर, भोगेर अनुभव गरिरहनु भएकै कुरा हो । म आज यस परिवेशको विस्तृत चर्चा गर्न चाहन्न । हाम्रो भौतिक संसार जति विशाल छ, हाम्रो अनुभव र अनुभूतिको आत्मिक संसार त्यसभन्दा अझ धेरै विशाल र व्यापक छ । ती सबैका बारेमा लेख्नुपर्ने कुराहरू पनि त्यत्तिकै धेरै छन् । तर प्रिय पाठकवृन्द ! यतिखेर म खाली ती दुई वर्ष जुन हाम्रो विछोडका पीडामय वर्षहरू बन्न पुगे र यस अवधिमा एउटा आस्थाको बन्दीको रुपमा रहँदा मैले जे जस्ता अनुभव र अनुभूतिहरू गरें तिनका बारेमा केही कोरुँकोरुँ लागिरहेको छ । केही वैयक्तिक र केही साहित्यिक भलाकुसारीका रुपमा आफ्ना तिनै अनुभव र अनुभूतिहरूलाई यसपटक पोखूँपोखूँ लागिरहेको छ । त्यसैले यस भलाकुसारीमा केही वियोगको पीडा छ, केही मिलनको आनन्द छ । प्रिय पाठकवृन्दसितको केही हार्दिकता र प्रियजनहरूसितको केही रागात्मकता पनि छ ।

कारागारभित्र बन्दी छँदा भौतिक रुपले मैले आफूलाई कहिल्यै तपाईहरूदेखि टाढा पाइन । सधैं निकट पाइरहें, हावाको स्पर्शले तपाईंहरूको विश्वासको अनुभूति गराइरह्यो । घामको उज्यालोले तपाईंहरूको मुस्कानको आभाष दिलाइरह्यो । जसरी महान् यात्राका शिखर आरोहीहरूलाई तिनको यात्रामा देखापरेका कठीनभन्दा कठीन चुनौतिहरू पनि कहिल्यै वाधक बनेनन्, त्यसैगरी हामीबीचको चारपर्खाल पनि हाम्रा निम्ति कहिल्यै छेकवार बन्न सकेन । हामी हाम्रा कलमहरूमार्फत्, हामी हाम्रा सिर्जनाहरूमार्फत् शब्दमा अभियक्त हुने हाम्रा गहन भाव र विचारहरूमार्फत् निरन्तर एकापसमा भेट गरिरह्यौं । आफ्ना हार्दिकतापूर्ण सुन्दर भावना र कल्पनाहरूलाई आफ्ना सद्भाव र शुभकामनाहरूलाई एकापसमा साटासाट गरिरह्यौं । कारागारभित्रको नारकीय परिवेशमा पनि हाम्रा तिनै भाव र विचारहरू हाम्रो मधुर भेटका माध्यम बने, हाम्रो सानिध्यका, हाम्रो हार्दिकताका आत्मिक शक्ति बने, हाम्रो उच्च मनोबलका अनन्त उर्जा बने । हाम्रो त्यही उर्जाले नै हामीलाई प्रतिकूल परिस्थिति र कठीन चुनौतीहरूसंग पनि सिंगौरी खेल्ने आँट र साहस दिलायो, हामीलाई एकाकी जीवनको रुग्ण पीडा र निराशाबाट बचायो, हामीलाई धमिराले जस्तै भित्रभित्रै खाएर खोक्र्याउने निस्क्रियता र अकर्मण्यताको जंगलभित्र भट्किरहनबाट जोगायो । भित्र होस् अथवा बाहिर हामी जहाँ रहे पनि र हाम्रो भौतिक परिवेश केही भिन्न र केही फरक भए पनि हाम्रो त्यही भावनात्मक एकता र हार्दिकताले हामीलाई वैयक्तिक जीवनको कुण्ठा, पीडा र सन्तापबाट मुक्त पारेर हाम्रो सामूहिक जीवन र हाम्रो महान् साझा ध्येयप्रति सधैं अविचलित तुल्याइरह्यो। त्यसैले जेलभित्र रहँदा पनि हामी आस्थाका बन्दीहरू बाहिरी दुनियाँदेखि कहिल्यै टाढा, उदासीन र अशक्त रहेनौं ।



कृष्ण सेन 'इच्छुक'

त्यतिखेर हाम्रो वर्गीय नाता र वैचारिक एकता नै हामीलाई एकापसमा जोड्ने साँघु बन्यो । त्यही साँघुले हामीभित्र सधैं समान अनुभूति र समान भावका संवेगहरू संचार गराइरह्यो । त्यसैको फल हो कतै खाराहरू जल्दा हाम्रो मन पनि कैयौं दिनसम्म आत्रोशको आगोले दन्किरह्यो, कतैलडाइँकामोर्चाहरूमा योद्धाहरू ढल्दा धर्तीको माटो मात्र होइन हाम्रो छाती आँशुको रगतले रक्तमुछेलबनिरह्यो,कतै चेलीहरू बलात्कृत हुँदा हाम्रो मुटु चाल्नो जस्तै छियाछिया भइरह्यो । अनि दुनैको खबर सुन्दा हाम्रो खुशीले विजयको सगरमाथा चुमिरह्यो, चुमिरह्यो । हामी सँगसँगै संकल्प गथ्र्यौं, मुठ्ठी कस्थ्यौं, शिखर चढ्थ्यौं र वर्गवैरीहरूका विरुद्ध मोर्चा कस्थ्यौं । कहाँ छुट्टियौं र तपाईं-हामी एक अर्कादेखि ! हामीलाई हाम्रो प्रगाढ मैत्रीको डोरीले अटुट बाँधिरह्यो-बाँधिरह्यो । हाम्रो यही वर्गीय नाता र वैचारिक एकताले नै हामीलाई यसरी दुःखका दुर्दिनहरूमा सँगसँगै दुःखित तुल्यायो, सुखका सुदिनहरूमा सँगसँगै हर्षित तुल्यायो र हामीलाई सधैं निकट र आत्मीय बनाइरह्यो । प्रिय पाठकवृन्द ! मैले दुश्मनको पिञ्जराभित्र पनि आफूलाई कहिल्यै एक्लो र असहाय पाइन । तन कारागारभित्र बन्दी भए पनि मन चारपर्खाल काटेर, फलामे डण्डीको बार नाघेर तपाईंहरूसँगै जुलुशमा हिंडिरह्यो, नारा लाइरह्यो, मोर्चामा सामिल भइरह्यो । जब हामी आफूलाई व्यक्तिबाट समूहमा रुपान्तरण गर्छौं, 'म'बाट 'हामी'मा रुपान्तरण गर्छौं, 'मेरो'बाट 'हाम्रो'मा रुपान्तरण गर्छौं, तब 'निजी' भन्ने केही पनि हुँदोरहेनछ हामीसँग । त्यतिबेला बेपत्ता पारिएका एकलासको नितान्त एकांकी क्षणमा पनि एक्लो छु भन्ने लाग्दोरहेनछ । सूचना, सम्पर्क र सहकार्यबाट बञ्चित गरिएर प्रियजनदेखि टाढा, धेरै टाढा अनाम र अज्ञात शिविरहरूमा गुमनाम पारिंदा पनि कहिल्यै मन बेखबर बन्दोरहेनछ । गोलघरभित्र जंजीरहरूले बाँधिदा पनि युद्धको ट्रेञ्चभित्र मोर्चा कसिरहे जस्तो मन झन् सबल र साहसी बन्दोरहेछ । न कठोर शारीरिक दण्डले गाल्न सक्दोरहेछ मन न त मानसिक यातनाको पराकाष्ठाले पगाल्न सक्दोरहेछ । दर्दमय क्षणहरू पनि संकल्पमय बन्दारहेछन् त्यतिखेर । सधैंभरि आँखामा सल्बलाउँदा रहेछन् महान् शहीदका विम्बहरू, त्याग र बलिदानको गौरवमय गाथाले मन रोमाञ्चित बन्दोरहेछ । सायद यसरी नै हुँदै जाँदोरहेछ हाम्रो आत्मिक रुपान्तरण, भावनात्मक रुपान्तरण र हामी 'म'बाट 'हामी' मा फेरिंदै जाँदारहेछौं, हाम्रा निजी भाव र संवेदनाहरू सामूहिक भाव र संवेदनाहरूमा फेरिंदार हेछन् र, बल्ल हाम्रो साझा ध्येय नै हाम्रो निम्ति सर्वोपरि हुन थाल्दोरहेछन् र हामी सामूहिक भावमा समाहित हुन पुग्दार हेछौं । यसरी मात्रै हामीले आफूलाई पनि बदल्न सक्ने रहेछौं । अनि महान् यात्राका सहभागीका रुपमा लामबद्ध हुँदार हेछौं। हामीआफूलाई नबदलीकन संसार फेर्नेमहाअभियानको अग्निपरीक्षामा सफल उत्रन सक्ने रहेनछौं । यदि कुनै सूत्र छ वा हुन्छ भने व्यक्ति-मन र निजी जिन्दगीलाई सामूहिक भाव र सामूहिक जिन्दगीमा फेर्ने सूत्र यही हो जस्तो लाग्छ । यही त्यो सूत्र हो जसले हजारौं होइन, लाखौंलाख योद्धा र करोडौं जनतालाई एकैभाव र एउटै भविष्यको सूत्रमा बाँधेर एउटै लक्ष्यका निम्ति एकताबद्ध तुल्याउँछ र यसरी नयाँ जीवनमूल्य र नयाँ सौन्दर्यदृष्टिको विशाल क्षितिज उघारिंदै जान थाल्छ ।

> **हामी आफूलाई नबदलीकन संसार फेर्ने महाअभियानको अग्निपरीक्षामा सफल उत्रन सक्ने रहेनछौं । यदि कुनै सूत्र छ वा हुन्छ भने व्यक्ति-मन र निजी जिन्दगीलाई सामूहिक भाव र सामूहिक जिन्दगीमा फेर्ने सूत्र यही हो जस्तो लाग्छ ।**

प्रिय पाठकवृन्द, २२ महिनाको मेरो बन्दी जीवनका एकांकी क्षणहरूमा कापी, कलम र पुस्तकहरू नै मेरा घनिष्ट मित्र बने । तिनीहरूसितको मित्रताकै फल हो मैले भद्रगोलबाट तपाईंहरूलाई बन्दी र चन्द्रागिरि उपहार दिन सकें । सिरहा र राजविराज कारागारबाट फुटकर कविता तपाईंहरूलाई टक्र्याउँन सकें । यसरी पुस्तकहरू नै मेरा प्रिय र आत्मीय बने ती दिनहरूमा । म पुस्तकहरूमै डुब्ने र रमाउने प्रयत्न गरें । अनि लेखन र सिर्जनका निम्ति समर्पित गरें आफूलाई । त्यो मेरो अभिरुचि तथा खालि समयको सदुपयोग गर्ने बाध्यता दुवै थियो । त्यस्तै घडीमा एकजना मित्रले सरकारी जागीरमा छँदाछँदै पनि वागलुङबाट आफ्ना दुइटा पुस्तकहरू मलाई सप्रेम उपहार पठाइदिनुभयो । सरकारी जागिरे मित्रबाट प्राप्त गैरसरकारी उपहारलाई मैले विर्सन सक्दिन । पुस्तकको प्रर्स चल्दा दाङका दुईजना युवा कविहरू टीकाराम 'उदासी' तथा नवीन विभासले आ-आफ्ना कृतिहरू पठाइदिनुभएको मीठो सम्झना आलै छ । त्यसैगरी मलाई प्रत्यक्ष भेटेर पुस्तकहरू उपहार प्रदान गर्ने साहित्यिक मित्रहरू मातृका पोखरेल, पुण्य कार्की, नारायण ढकाल, जीवेन्द्रदेव गिरी तथा पत्रकार मित्र रामरिझन यादवहरू पनि यतिखेर कृतज्ञताका पात्रहरू हुनुहुन्छ । प्रत्यक्ष भेटघाट नभए पनि मलाई सधैं आफ्ना शुभेच्छाहरू प्रदान गरिरहने प्रिय पाठकहरू, तपाईहरूलाई भुल्नु पनि यतिखेर कृतघ्न बन्नु जस्तै हुनेछ, तपाईहरूको न्यानो माया नै मेरो प्रेरणाको अविरल स्रोत बनिरह्यो ।

कलमको यो अंक सांस्कृतिक प्रतिरोध अंकको रुपमा प्रकाशित हुँदैछ । यतिखेर साँस्कृतिक योद्धा एवम् शहीद मस्तबहादुर विष्टलगायत आफ्नो महान् जीवनको आहुति दिने देशभरिका साँस्कृतिक योद्धाहरू र त्यसमा पनि अनेकोट र भावार्मि सामूहिक हत्या गरिएका मातृभूमिका अमर सपुतहरूको गौरवपूर्ण सम्झना गर्नु र तिनीहरूप्रति उच्च आदर एवम् सम्मान प्रकट गर्नु हामी सबैको कर्तव्य हो । अनेकोटमा शहादत प्राप्त गर्ने अ.ने.ज.सां.संघका केन्द्रीय सदस्य च्याङ्वा लामालगायत सातजना र भावाङका एघारजना जनकलाकारहरू सधैं नै हाम्रा निम्ति प्रातः स्मरणीय रहनेछन् । जनमुक्तिको महायात्रामा जनकलाकारहरूको साहस, सौर्य, निष्ठा र वलिदानको पनि एउटा महागाथा कुँदिएको छ । त्यसलाई हाम्रा अमर कलाकारहरूले आफ्नो रगतको जलप थपेर अझ चम्किलो तुल्याएका छन् । वर्गबैरीहरूका विरुद्धको भीषण र निर्मम युद्धमा कहिल्यै पनि शिर झुकाएनन् तिनले, न त कहिल्यै खुट्टा कमाए । आज हाम्रो हृदयको आकाशमा साहसका दिव्य नक्षत्र बनेर चम्किरहेका छन् ती । तिनको सम्झना मात्र पनि हाम्रा निम्ति अपूर्व प्रेरणाको स्रोत बनेको छ । हाम्रो हृदय वर्गबैरीहरूका विरुद्ध अपार घृणा र वर्गबन्धुहरूप्रति अपार प्रेम र श्रद्धाले भरिन पुगेको छ । व्यक्तिको आत्मिक परिष्कार र मानसिक चेतनालाई धारिलो पार्दै साँस्कृतिक क्रान्तिको अग्रगामी चेतनालाई पक्रेर हाम्रा महान् शहीदहरूले देखाएको आदर्श र हाम्रा अग्रजहरूले अंगीकार गरेको मार्गलाई कर्ममा अवलम्बन गर्नुभन्दा अर्को विकल्प आज देशका सामु छैन ।

प्रिय पाठकवृन्द ! देश नै वगरेहरूको कसाइखाना बनेको यस घडी अझै कति गाउँहरू अनेकोट बन्नेछन् र कति ठाउँहरू खारा झैं जल्नेछन् केही भन्न सकिन्न । हिंसा-संस्कृति र उन्मत्त फासीवाद छाडा ढलीमली गर्दै मडराइरहेको यो जगजगीपूर्ण परिवेशमा फेरि कति रुकुमको रुकुमकोट र दैलेखका नौमुलेहरू दोहोरिरहनेछन्, त्यो पनि केही भन्न सकिन्न । त्यसैले यस महायात्रामा दर्शक हुन् या सहभागी प्रत्येकले केही न केही मूल्य त चुकाउनै पर्नेछ । र, प्रत्येकले आफ्नो भूमिका र जिम्मेदारी पनि पूरा गर्नै पर्नेछ । जेल त हामलाई भित्र पनि छ, बाहिर पनि छ । बहुसंख्यक जनताको सुन्दर, सुखद र समृद्ध संसारको उदय नभएसम्म हामी बाँचेको यो वर्गविभाजित विषम समाज नै सभ्य मानवका निम्ति महाजेल हो । त्यसैले तपाई, हामी जेल बस्नु र घर बस्नुका बीचमा तात्विक अन्तर नै के छ र ? मुख्य कुरा हाम्रो अटल ध्येय, निष्ठा र आस्थाको हो, हाम्रो अविचल महायात्राको हो । हामी जहाँ छौं, त्यहींबाट त्यस महायात्राका सहभागी बनौं, हामीसँग जे छ त्यसैलाई हाम्रो लडाइँको औजारमा फेरौं ! नलडी जितिदैन, जित्नको लागि लड्नैपर्छ । तपाईंहरू नै भन्नुस् पाठकवृन्द ! के बगेको नदी फेरि पछाडि फर्केको छ र ? हामी पनि पछाडि फर्कन सक्तैनौं । हो, हामी कदापि पछाडि फर्कन सक्तैनौं । हाम्रो निष्ठाको अविचल यात्रा जारी थियो, जारी छ र जारी नै रहनेछ । र, हामी अथक र अविराम अगाडि बढ्दै जानेछौं ।

(**कलम, वर्ष–९, अंक–२ बाट** )

कविता

## नयाँ क्रान्ति जन्मदैछ

■ **स्वनाम**

साम्राज्यवादीहरू
सञ्चार भुमण्डलीकरणको प्रयोगबाट
दुनियाँलाई रणभुल्लमा पार्ने प्रयास गर्दै
जनताको अगाडि खुब
प्रजातन्त्रको अलाप जपी खोल ओढिरहेका छन्
बकबास कोइला राख्ने खाल्डोमा
धुप बाल्ने आश्वासन बाँड्दै
भ्रम जाल छर्छन्
साम्यवादको अन्त्य भै सक्यो भन्दै
भ्रामक प्रचार गर्छन्
उता विस्तारवाद -
सीमा मिच्दै आउँछ
सानो देश भनी हेप्दै
छिमेकीमाथि हैकम जमाउँछ
के चाहन्छन्, साम्राज्यवादी र विस्तारवादीहरू ?
लुटी खान पल्केकाहरू
जनजीविका र जनतन्त्र खोस्छन्
खबरदार !
विस्तारवादी अनि साम्राज्यवादीहरू
हाम्रो अस्तित्व लुट्न अब नपल्क
फेरि कुरुप संसार उखेल्दै
आउँदैछौ हामी नयाँ ल्याउन
हैकमवादी साम्राज्यको अन्त्य गर्दै
जग नयाँ हाल्दैछौ
ध्यान सबको खिच्दै
श्रमजीवी दुःखी जनको पक्षमा ।
कमजोरीमा पाठ सिक्दै
आँखाभित्रको नानी बन्दै नबिझाई
दूर दृष्टि फैलाउँदैछौ
नयाँ सन्देशसहित
छातीभित्र हिम्मतको ज्वालामुखी बोक्दै
न्यायको रक्षा गर्दै हामी सर्वहारा
विश्व क्रान्ति फैलाउँदैछौ
मालेमाको गौरवान्वित बाटोमा
आस्थाहरू फुलाउँदै
सहिदको बलिदानमा
नयाँ विरुवाहरू हुर्काउँदै
ज्वालामुखी रोप्दैछौ
क्रान्तिको झन्डा उचाल्दै
साम्राज्यवादी भुमण्डलीकरणलाई चक्नाचुर पाछौं
र, सर्वहारावर्गको सुदिन जन्माउँछौं ।

## 'ऊ'

■ **संकल्प**

सबेरै उसले
चालेको पाइला
एक कदम अघि
दुई कदम पछिको सिद्धान्तमा
हजारौं माइल पार गर्न
एक पाइलाबाट सुरु गरेको यात्रा
सिधाबाट बक्ररेखा हुँदै
अघि बढ्दा र बढाउँदै जाँदा
बनिबनाउ चक्रव्यूहमा फस्न पुग्यो ।
त्यसपछि,
पार पाउने हज्जारौं प्रयत्न बाँकी छन्
साहसका जोशिला मुड्ठिहरू उठ्न बाँकी छन्
भ्रम र अविश्वासहरू तोड्न बाँकी छन्

एउटा साँच्चै नयाँ बाटो हिड्ने संकल्प
त्याग, तपस्या र समर्पणको भाव
बोकेर उठेको, जागेको र लागेको पुस्ता
तयार पार्नै बाँकी छ

त्यो युगान्तकारी अभिभारा पूरा गर्न
यो अँधेरी रातमा
एउटा मशाल जुलुस
एउटा मार्चपास, को तयारी गर्दैछ ऊ
गन्तव्य चुम्ने अठोट बोकेर
हजारौं पाइलाको बाटो
एक पाइलाबाट सुरु गर्दैछ ऊ ।

# वैज्ञानिक समाजवाद कि राष्ट्रिय समाजवाद !

### समाजवादको टोपी ओढेकाहरू


आजको दुनियाँमा समाजवाद भादगाउँले टोपीमा ठाँटिएको दौरा सुरुवालमाथि अंग्रेजीकोट ओढेका नेपाली राष्ट्रवादी जस्तो भएको छ : पञ्चले ठाँटिएर हिँडे पनि भएकै छ, काँग्रेसीले ठाँटिए पनि भएकै छ र वामपन्थी भन्नेहरूले ठाँटिए पनि भएकै छ। साँचो अर्थमा राष्ट्रवादी हुनु नपर्ने तर देखिनुपर्ने-सुकुलगुण्डाजस्तो । पञ्चायतले यसलाई "सामन्ती समाजवाद", काँग्रेसले "प्रजातान्त्रिक समाजवाद", एमाले र एमाओवादीले "निम्न-बुर्जुवा समाजवाद"को टोपी ओडेका बेला बादलजीले "राष्ट्रिय समाजवाद"को टोपी ओढेर पुराना मित्रहरूसँग दाँजिन पुगेका छन् । यो खुसीको कुरा हो कि ढिलै भए पनि उनले आफ्नो वर्ग चिनेका छन् र पछि लागेका छन् । धन्य छन् उनी !!

१९१७ मा रुसमा सम्पन्न भएको महान अक्टुबर समाजवादी क्रान्तिले सामाजिक मुक्तिको विश्वव्यापी ऐतिहासिक प्रकृया सुरु गर्‍यो । त्यो क्रान्तिले मुख्यतः १९४५मा जर्मन फासिवाद र जापानी सैन्यवादलाई हराए पछि पूर्वी युरोपका र एसियाका केही मुलुकहरूमा क्रान्ति सम्पन्न भयो । त्यसपछि विश्वका अन्य मुलुकहरूमा पनि समाजवादी क्रान्तिले विजय गर्‍यो र त्यसमा विश्वको एक तिहाई जनसंख्या र दर्जनौ मुलुकहरू सामेल भए । उक्त क्रान्तिले राज्यसत्ताको बागडोर श्रमिक जनताको हातमा थमाइदियो । न उत्पीडक, न उत्पीडित, न शोषक, न शोषित अर्थात् शोषणविहीन समाजतर्फ उन्मुख व्यवस्था, जुन मार्क्स-एंगेल्सद्वारा प्रतिपादित बैज्ञानिक समाजवादी सिद्धान्तमा आधारित समाज व्यवस्था थियो । तर त्यसको उल्टो, बुर्जुवा संसदीय निर्वाचनको माध्यमबाट सनैः सनैः समाजवादमा पुग्न सकिने मिलेरौंवादी धारणा खुश्चेभवादी "राष्ट्रिय जनवाद" हो । खुश्चेभ सत्तामा आएपछि कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी अवस्थाले टाउको उठायो र क्रमश : सोभियत संघ, पूर्वी युरोप, चीन लगायतका धेरै देशहरूमा पुँजीवाद पुनःस्थापित भयो । त्यसको प्रभाव अन्य देशका कम्युनिष्ट पार्टीहरूमा पर्न गयो, जसको कारण एमालेजस्ता बुर्जुवा संसदवादी पार्टीहरू राजनीतिक मैदानमा आए । ती पार्टीहरू "कम्युनिष्ट पार्टी" होइनन् तर "कम्युनिष्ट" ट्रेड मार्क राख्ने "कम्युनिष्ट" आन्दोलनकै बद्नाम गर्ने "समाजवादी टोपीधारी" पार्टीहरू हुन् । तसर्थ यहाँ बैज्ञानिक समाजवाद र "समाजवाद" को टोपी ओढेर "छद्म समाजवाद"को खेलोमेलो भइरहेको नेपालको सन्दर्भमा यहाँ चर्चा गरिएको छ ।

### समाजवादको ऐतिहासिक अनिवार्यता

मानवजातिको इतिहास निरन्तर प्रगतिको उचाइतर्फ आरोहणको इतिहास हो । मानिसको इच्छा र संकल्पभन्दा स्वतन्त्ररुपबाट कार्यरत बस्तुपरक नियमको आधारमा मानवजातिले आदिम कम्युनको अवस्थाबाट दासप्रथा, सामन्तवाद, पुँजीवाद संक्रमण गरेको छ । १९१७ पछि पुँजीवादबाट समाजवादमा संक्रमणको प्रकृया समेत धेरै देशमा अघि बढेको थियो । तर खुश्चेभको आगमन र सोभियत संघको पतनपछि रोकिएको स्थिति छ ।

मार्क्सवादका विद्यार्थीले एक समयमा पुँजीवादले मानव सभ्यताको विकासमा प्रगतिशील भूमिका निभाएको थियो भन्ने पढेका छन् । तसर्थ : मार्क्स-एंगेल्सको के धारणा थियो भने पुँजीवादले प्राक-पुँजीवादी मुलुकभित्र छिरेर त्यहाँको सामन्ती उत्पादन सम्बन्धलाई भत्काउनेछ र पुँजीवादी उत्पादन-सम्बन्धको विकास गर्नेछ भन्ने पनि बुझेका छन् । २० औ शताब्दीको पछिल्लो चरणमा पुँजीवादले साम्राज्यवादमा विकास गरेपछि प्राक-पुँजीवादी मुलुकहरूमा त्यहाँका सामन्तहरूसँग साँठगाँठ गरेर समाजलाई औपनिवेशिक र अर्धसामन्ती स्वरुपमा ढाल्ने काम गर्‍यो । त्यस्ता मुलुकमा साम्राज्यवादले (र विस्तारवादले) दलाल तथा नोकरशाही पुँजीपतिवर्गलाई जन्माउने र तिनीहरू नै त्यहाँको राष्ट्रिय पुँजीवादको विकासको बाधक बन्ने गरेका छन् । यसरी राजनीतिक, आर्थिक, साँस्कृतिक एवं सैनिक सबै दिशामा प्रतिकृयावादलाई सुदृढीकरण गर्ने साम्राज्यवादको प्रवृत्ति बन्न गयो । त्यही साम्राज्यवादले



सीताराम तामाङ

पहिलेका उपनिवेश र अर्ध-उपनिवेशहरूमाथि अहिले उदारीकरण, निजीकरण, भूगोलीकरण, हरित क्रान्ति, आदिको नाममा नवऔपनिवेशिक दमन, उत्पीडन, आतंक, राजनीतिक ब्ल्याकमेलिङ र खुल्ला सैनिक हस्तक्षेप समेत गरेको छ । यसबाट उत्पीडित राष्ट्र र जनताको मुक्तिको मार्ग भनेको समाजवादी समाजका लागि संघर्ष नै हो । त्यसैले उपनिवेशी उत्पीडनबाट मुक्त भएर स्वाधीन राष्ट्रको विकासको मार्ग अवलम्बन गर्न र पुँजीवादी शोषणबाट समेत श्रमिक जनतालाई मुक्त गर्न समाजवादको ऐतिहासिक अनिवार्यता छ ।

### समाजवाद : बैज्ञानिक र अवैज्ञानिक

मार्क्स-एंगेल्स-लेनिनद्वारा प्रतिपादित बैज्ञानिक समाजवादी समाज भनेको पुँजीवादी र साम्यवादी समाजबीचको एउटा संक्रमणकालीन समाज हो र पुँजीवादबाट समाजवादमा संक्रमण केवल क्रान्तिकारी ढंगबाट नै सम्पन्न गर्न सकिन्छ । नयाँ समाजको मुख्य विशेषताहरू भनेको : उत्पादन साधनमाथि सार्वजनिक स्वामित्व, मानिसले मानिसमाथि गरिने शोषण, उत्पीडन र बेरोजगारीको अन्त्य, उत्पादक शक्तिको योजनाबद्ध, र तीब्र विकास, आदि हुन्, जसका कारणले जनताको सुखसुविधामा वृद्धि र समाजको प्रत्येक सदस्यको चतुर्मुखी विकास सुनिश्चित हुन्छ । मजदुरवर्ग र कम्युनिष्ट पार्टीले नेतृत्वको मुख्य भूमिका लिएको हुन्छ । समाजवादले मुख्यतः श्रमिक जनताको राजनीतिक स्वतन्त्रता, सामाजिक अधिकार र ठूला-साना जातिको समानाधिकार सुनिश्चित गर्दछ । "हरेकबाट उसको योग्यता अनुसार, हरेकलाई उसको श्रमानुसार" को नीति लागू हुन्छ ।

उत्पादनको विकाससँगसँगै उत्पादन सम्बन्ध बदलिन्छ । समाज एक अवस्थाबाट अर्को अवस्थामा पदार्पण गर्दछ । तसर्थ यो बैज्ञानिक समाजको सिद्धान्त अन्तराष्ट्रिय छ । यो श्रमिक जनताको साझा सिद्धान्त हो ।

वैज्ञानिक समाजको प्रतिपादन गर्ने क्रममा मार्क्स-एंगेल्सले (१) प्रतिकृयावादी समाजवादः (क) सामन्ती समाजवाद, (ख) निम्न-पुँजीवादी समाजवाद, (ग) जर्मन अथात् "सच्चा" समाजवाद, (२) रुढीवादी अर्थात् पुँजीवादी समाजवाद, र (३) आलोचनात्मक काल्पनिक समाजवादसँग सामना गर्नुपरेको थियो । हाम्रो देशको सन्दर्भमा हेर्ने हो भने राजा महेन्द्रको पञ्चायत "सामन्ती समाजवाद" थियो जसलाई पुनः प्राप्तिको सपना अहिले पनि पूर्व राजासमेतका एकथरी पूर्व पञ्चहरू देखिरहेका छन् । अर्को हो- "निम्न पुँजीवादी समाजवाद" । २०४६ सालको जनआन्दोलन पछि सत्तामा पुगेका मध्यम र निम्न मध्यम वर्गीय चिन्तनको उपज हो यो "निम्न-पुँजीवादी समाजवाद" । यो समाजवाद "प्रजातान्त्रिक समाजवाद, वहुदलीय जनवाद, एकाइसौं शताब्दीको जनवाद, र राष्ट्रिय जनवाद"को रुपमा अभिव्यक्त हुने गरेका छन् । कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी अवसरवादी धाराको मत के छ भने समाजवाद विनाक्रान्ति नै पुँजीवादको गर्भबाट विस्तारविस्तार परिपक्क दिशामा छ, यसमा उत्पादनका साधनहरूमाथि सार्वजनिक स्वामित्व रहने छैन, श्रमिकवर्गलाई राजकीय सत्ता दिइने छैन, सामान्यत : राजकीय संस्थाहरू पनि हुने छैन, आदि । जर्मनीका फासिवादी हिट्लरले मार्क्सवादी समाजवादको विरुद्ध "जर्मन राष्ट्रिय समाजवाद"को नारा दिएको थिए । विशौं शताब्दीको पछिल्लो केही दशकहरूमा, विशेष गरेर अफ्रिका र एसियामा नव-स्वाधीन देशहरूमा "राष्ट्रिय समाजवाद"को नारा अघि आएको देखिन्छ । यो नारा बैज्ञानिक समाजवाद भन्दा भिन्न छ । यसले अमुक राष्ट्रिय विशेषता राष्ट्रिय रीति-रिवाज तथा परम्परालाई प्रमुखतामा राख्ने गरेको छ । यसले साम्राज्यवादद्वारा लादिएका सम्बन्धहरूलाई त घृणा गर्दछ तर बैज्ञानिक समाजवादसँग पनि दुरी राख्त छ । "एसीयाली समाजवाद, अफ्रिकी समाजवाद, अरबी समाजवाद, नीग्रो समाजवाद, इस्लामी समाजवाद" आदि राष्ट्रिय समाजवादकै नाराको उपज हुन् । ने.क.पा. (क्रान्तिकारी मओवादी)को (पार्टी फूट्न अगाडी) केन्द्रीय समितिको बैठकमा राम बहादुर बादलले पेश गरेको फरक मतमा पनि "राष्ट्रिय जनवाद" र "राष्ट्रिय समाजवाद" स्थापना गर्ने भन्ने जिकिर रहेको थियो । उनको राष्ट्रिय जनवाद नेकपाको तेस्रो महाधिवेशनमा (२०१९) खुश्चेभवादी तुल्सीलाल अमात्यले पेश गरेको कार्यक्रम थियो, जो नयाँ जनवादको विरुद्ध ल्याइएको थियो । त्यसरी नै उनको राष्ट्रिय समाजवाद वास्तवमा मार्क्सवादी समाजवादको विरुद्ध छ, किनभने नेपालजस्तो अर्ध सामन्ती तथा अर्ध/नव उपनिवेशिक मुलुकमा सम्पन्न गरिने नयाँ जनवादी क्रान्ति पुरा गरेर समाजवाद र साम्यवादसम्म पुग्ने वैज्ञानिक समाजवादको अन्तर्राष्ट्रिय चरित्र विरुद्ध छ ।

तर साँच्चो अर्थमा राष्ट्रिय स्वाधीनता, जनताको जनवादी गणतन्त्र र स्वतन्त्र तथा आत्मनिर्भर अर्थतन्त्र प्राप्तिको संघर्षको आधार बन्ने कुरामा राम बहादुर बादलको उक्त विचार गलत छ, त्यसको भर्त्सना गरिनु पर्दछ र यस्तो प्रवृत्ति पुनः दोहोरिन नदिन सतर्क हुन पर्दछ । अर्कोतर्फ निम्न मध्यम वर्गमा आधारित विप्लबको "एकीकृत क्रान्ति" पनि "निम्न पुँजीवादी समाजवादी" चिन्तनको उपज हो, जुन माओको नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर समाजवादी क्रान्ति पुरा गर्ने सिद्धान्तसँग मेल खाँदैन । यस प्रकारका गलत चिन्तनका विरुद्ध पनि बैज्ञानिक समाजवादका पक्षधर हरूले दृढतापूर्वक संघर्ष आजको आवश्यकता हो ।

### बैज्ञानिक समाजवाद र संसदीय

संसदीय निर्वाचनको माध्यमबाट सनैःसनैः समाजवादमा पुग्न सकिन्छ भन्ने मिलेरौंवादी धारणा खश्चेभवादी "राष्ट्रिय जनवाद" हो, बैज्ञानिक समाजवादी धारणा होइन । तसर्थ त्यो जनताको जनवादी धारणा पनि होइन । त्यसोभए नेपालमा जनताको जनवादी क्रान्तिद्वारा नयाँ जनगणतन्त्र स्थापना गर्न चाहने कम्युनिष्टहरूले संसदीय ब्यवस्थाप्रति कस्तो धारणा राख्नु पर्दछ त ? लेनिनले पनि कहिले दुमाको (संसद) निर्वाचनमा भाग लिएको देखिन्छ, कहिले त्यसको बहिस्कार गरेको देखिन्छ । हामीले यहाँ बुझ्नु पर्ने कुरा के हो भने संसदीय निर्वाचनमा भाग लिँदा वा नलिदाँको अवस्थामा क्रान्तिलाई फाईदा पुग्छ कि पुग्दैन, त्यो हेर्ने हो ! तसर्थ क्रान्तिकारी कम्युनिष्टहरूले संसदीय निर्वाचनमा भाग लिने वा नलिने कुरो सिद्धान्तको वा रणनीतिको कुरो नभएर कार्यनीतिको कुरो मात्र हो । क्रान्तिकारी कम्युनिष्टहरूले संसदीय चुनाव लड्न सक्छन्, बहुमत पनि ल्याउन सक्छन्, अवस्था हेरेर सरकार पनि बनाउन सक्छन् तर मुख्य कुरा उनीहरू संसदवादी हुँदैनन् र संसदीय व्यवस्थामा "कम्युनिष्ट पार्टीको सरकार" बन्दैमा त्यो कम्युनिष्ट ब्यवस्था हुँदैन, त्यो प्रतिकृयावादी राज्य व्यवस्था नै हो भन्ने बुझेका हुन्छन् । मजदुर वर्गले राज्यसत्ताको बलिबनाउँ संयन्त्रलाई कब्जा गरेर आफ्नो निजी उद्देश्य पूर्तीका लागि जस्ताको तस्तै उपयोग गर्न सक्तैन (मार्क्स, फ्रान्समा गृहयुद्ध) बुझेका हुन्छन् । तसर्थ क्रान्तिकारी कम्युनिष्टहरूले सापेक्षतामा क्रान्तिलाई अघि बढाउने संघर्षको थलोको रुपमा संसदलाई उपयोग गर्नुपर्दछ न कि संसदवादी बनेर सनैः सनैः समाजवादमा पुग्ने खुश्चेभवादी "राष्ट्रिय जनवादी" बनेर ! बादलजीको "राष्ट्रिय जनवाद" प्रचण्डको "नयाँ संविधान"का उपलब्धीहरू मुख्यतः माओवादी आन्दोलनले लिनु पर्दछ र संविधानको उपयोग गर्दै समाजवादमा जानु पर्दछ भन्ने लाईनसँग मिल्दछ । तसर्थ हामीले त्यस प्रवृत्तिको डटेर बिरोध गरेर नै क्रान्तिकारी धारको रक्षा गरेका छौं ।

### कार्की प्यालेसमा ...

रेखावाद, सुमार्गीवाद जस्ता धुरन्धर वादहरूलाई हामीले आत्मसात किन नगर्ने ? त्यसमा वादलजीले पनि केही बाहिरका वाद मिलेरौंवाद, हिटलरवाद, खुस्चेववाद, लिनप्याओवाद (स्मरण रहोस् वादललाई मैले पहिला मेरा विरुद्ध लाग्नुभो भनेर लिनप्याओवादी भनें र चुनवाङमा फिर्ता लिएको थिएँ तर उहाँ मेरा विरुद्ध नभई किरणका विरुद्ध षड्यन्त्र गरेकै हुनाले उहाँ अन्ततः लिनप्याओवादी नै हो) आदि लिएर आउनु भएको छ । मणिले ह्युगोवाद र मातृकाले त नेपाली माटोकै मधेशवाद लिएर आउनु भएको छ । गुरुङको जातिवाद, तिलकको दलितवाद, जयपुरीको निरासावाद, कृष्णदासको लम्पटदासवाद, सोनामको लात्तिहानवाद, पथिकको पैसाखाएर चुनाउहराउवाद, महेश्वर, पम्फा र हितमानहरूको खुराफातवाद, लेखनाथ, रामदिप, आले र कमलप्रसाद, लक्ष्मणहरूको अवसरछोपवाद आदिआदि वादहरूका बिचमा एकता भएको छ । यो एकता अधिवेशन भएकाले त्यो सबैलाई समेट्नु जरुरी छ । अरु त सबै नेपाली माटोकै वादहरू हुन् वादलजीको भने बाहिरको पर्‍यो । तैपनि हाम्रो अनुकूलको भएकाले त्यसलाई आत्मसात गर्नु जरुरी छ ।

हिजो मलाई विदेशी गुप्तचर संस्थाहरूसँग भेट गर्दै हिँड्यो, सिंगापुर, हङकङ, सिलगुढी कहाँ कहाँ एक्लै गयो भनेर आलोचना गरे साथीहरूले । धेरै साथीहरूलाई लिएर हिँडडुल गर्दा खर्चपर्च बढी हुन्छ । पार्टीले धान्न सक्दैन भनेर पो म एक्लै हिँडेको हुँ । संसारमा गुप्तरूपमा हिँडडुल गर्नेहरूका नाइकेहरूलाई मैले सजिलै चिन्न सकेँ । तिनीहरूका शीर्ष मान्छेहरूसँगै भेट गर्न सफल हुनु त हाम्रो पार्टी र भ्रान्तिका लागि गौरवको कुरा भएन र ? (ख्याल गर्नुहोला, मैले क्रान्तिको ठाउँमा भ्रान्ति शब्द प्रयोग गरेको हुँ । तपाईंहरू अचम्म मान्नुभा होला । किनकि अहिले क्रान्ति पुरा भएको र भ्रान्तिको फेज सुरु भएकाले मैले सचेतापूर्वक भ्रान्ति शब्द प्रयोग गरेको हुँ ।) यो त ठूलो उपलब्धी पो हो त । अझ वादलजीले त लालगद्दार र 'रअ'को एजेन्टसम्म पनि भन्नु भो । खैर ठिकै छ । उहाँ पनि अहिले यहिँ त आउनु भो । सायद एक्लै भेट्यो भनेर उहाँको गुनासो थियो होला, अब उहाँलाई पनि साथै लिएर जाउँला । त्यो सबै मिलिहाल्छ । त्यसैगरी ठेकेदार, ठूला पुँजीपतिहरू, उद्योगीहरू सम्भ्रान्तवर्गका मान्छेहरूसँग बढी साँठगाँठ गर्‍यो भनेर साथीहरूले विनासित्तिमा मेरो आलोचना गरे । अहिलेका जनता भनेकै तिनै त हुन् । तिनलाई नभेटेर कसलाई भेट्ने ? उनीहरू हाम्रा अन्नदाता पनि हुन् । उनीहरू एकाबिहानै विस्तारामै भेट्न आउँछन् । सन्चो विसन्चो सोध्छन् । खर्चपर्चको केही समस्या पो छ कि भनेर चिन्ता गर्छन् । विदेश जाने टिकटको व्यवस्था गर्छन् । ना-नातिनाहरूको पढाइलेखाइमा सहयोग गर्छन् । अब तपाईंहरू भन्नुस् त के म उनीहरूसँग सम्बन्ध सुधार नगरेर कृतघ्न बनुँ ? गँवार, पाखण्डी बनुँ ? उनीहरूलाई समेत पार्टीमा नहुलिकन समाजवादमा पुग्न कसरी सकिन्छ ? रुपान्तरण भनेको के हो ? के उनीहरूलाई आफ्नो पार्टीको समर्थक, सुभेच्छुक, सल्लाहकार बनाउनु रूपान्तरण होइन ?

मलाई जनगणतन्त्रको लाइन छाडेर लोकतान्त्रिक गणतन्त्रको लाइन समात्यो भनेर पनि आलोचना भएको छ । अहिले नेपालमा जनवादी गणतन्त्रमा जाने भन्ने हो भने न त हामीलाई भारतले साथ दिन्छ, न त अमेरिकाले । चुनाउ जितेर सबैभन्दा ठूलो पार्टी बनेर सरकार बनाउँदा त आतङ्ककारी भन्न छोडेनन् । चावी बुझाएपछि मात्र स्वागत गरे । संविधान जारी गरेपछि बल्ल पूर्ण विश्वास दिलाउन सफल भइयो । त्यसैले अहिलेको ठोस विश्लेषण भनेकै लोकतान्त्रिक गणतन्त्र हो । जहाँसम्म संविधानमा समावेसीको अधिकार दिने कुरा छ त्यो पनि सजिलै छ । सरकारमा श्रीमान् मन्त्री भए श्रीमती स्वतह समावेसी । कहिले श्रीमान् कहिले श्रीमतीलाई मन्त्री र सरकारी अवसरमा पुऱ्याएपछि त समावेसी भइगयो । त्यसो नगरे पार्टी छोड्ने धम्की आउँछ । श्रीमान्ले चुनाव हारे पनि श्रीमतीहरू सरकारी उच्च ओहोदामा पुगेकै छन् । त्यसले उनीहरूको घरपरिवारदेखि पार्टीमा समेत ब्यालेन्स मिलाउन सजिलो पर्दोरहेछ । यहि हो समावेसिता । वादल, गुरुङजीहरू फुटेर जानाले कसलाई घाटा भयो त ? आखिरमा यहीँ फर्कनु पर्‍यो । किरणजी र उहाँजस्तै पद नखोज्नेहरू जानु त ठिकै थ्यो । वादल गुरुङहरू किन किरणको पछि लाग्या होलान् भन्ने लाग्थ्यो । ढिलै भएपनि उहाँहरूले कुरा त बुझिहाल्नुभो गल्ती गरिएछ भन्ने कुरा । बरू सबै महिला एक्लै बस्नु भएन । उमेर पुग्नासाथ नेता र उनका छोरा खोजेर पोइल गइहाल्नु पर्‍यो । बाबुआमाले अवसर पाए छोराछोरीलाई पनि पुगिहाल्छ । अखिर देशका सबै जनता एकैचोटी मन्त्री सांसद हुने होइन । आलोपालो गर्ने हो, धैर्य गरेपछि एकपटक पालो आइहाल्छ ।

अन्तमा, यो तेह्रबुँदे सहमति चानचुने मेहनतले बनेको छ र ? यसको लागि मैले विशेषगरेर बाबुरामले छोडेर गएदेखि बादललाई फकाउन निकै मेहेनत गरेको हुँ । त्यहाँका चारपाँच जना युवाहरूलाई त पहिलादेखि नै मैले खर्चपर्चको व्यवस्था गरेर किरणजीलाई दवाव दिन लगाएकै थिएँ । यता काङ्ग्रेस-एमाले र मधेसवादी दलहरूलाई आफ्नो पक्षमा पार्न कम्ता गाह्रो भएको छ ? धेरै मेहनतका साथ सफल भएको छु । मेरा दुःखले आर्ज्याको सहमती साथीहरूले आलोचना गर्दैमा म छोड्छु र ! कदापि छोड्दिन । यो पनि मेरो हदैसम्मको लचकता हो । चार वर्ष अघि मेरै घरबाट अलग भएर गए पनि अहिले सबैले पुरानो घर सम्झेर रुमेको बिरालो जस्तै भएर लुसुक्क फर्कनु भएको छ । बरू खुसीको कुरा के छ भने जाँदाखेरी किरणजीको नेतृत्वमा एउटै गुट भएर जानु भा'थ्यो अहिले फर्कँदा सातवटा गुट बनाएर आउनु भो । मणि र मातृका त पहिला नै अलग हुनुभा'थ्यो । उहाँहरू र हामी सहित दस गुटका बिचमा एकता भएको छ । यो धेरै ठूलो उपलब्धी हो । हिजो सँगै हुँदा हामी एमाओवादीमा थियौँ आज त्यसलाई छोडेर माके भएका छौँ । यो नितान्त नयाँ प्रयोग हो । अब हामी सबै नयाँ भयौँ । हिजो तपाईं हामी विभिन्न गुटका पार्टीमा थियौँ । आज एउटै पार्टीमा भएकाले तपाईंहरू सबै सिसिएम हुनु भो म नेता भएँ । तपाईंहरू अब फिल्डमा जानुस् र अरु साथीहरूलाई सिसिमा भर्ति गर्नुस् । जति धेरै बनाउन सक्यो संसारमा सबै भन्दा ठूलो केन्द्रीय समिति हुन्छ । सिसिएमको कुनै लिमिटेसन छैन । लिमिटेसन राख्नु पनि हुँदैन । हामीले चीन, भारत, अमेरिका जस्ता शक्ति राष्ट्रहरूलाई जित्नु छ । यो सिसिको निर्माणले दिनको सङ्केत विहानीले दिन्छ भन्ने कुराको पुस्टि गरेको छ । धन्यावाद, दसरञ्जीसलाम ।

असार ५, २०७३

## आलोपालो

# मिलेराँवादको आतङ्क र क्रान्तिकारीहरुको अभिभारा



दिनेश शर्मा

२००६ सालमा स्थापना भएको कम्युनिष्ट पार्टी यतिवेला ६७ वर्षमा प्रवेश गरेको छ। ६७ वर्षको अवधिमा नेपालका कम्युनिष्ट क्रान्तिकारीहरुले नेतृत्व गरेको सर्वहारा वर्गीय आन्दोलन वा क्रान्तिहरु विभिन्न आरोह अवरोह पार गर्दै अगाडि बढ्ने क्रममा कम्युनिष्ट पार्टीभित्र घुसेका वा घुसाइएका कतिपय नेताहरुबाट घात र प्रतिघात हुँदै आएको कुरा हामी सबैका अगाडि जगजाहेर नै छ । वर्ग दुष्मनहरुको वाह्य दमन र अवसरवादी, दक्षीणपन्थी संसोधनवादी, नव-संसोधनवादी, पलायनवादीहरुद्वारा खडा गरिएको क्रान्तिप्रतिको वाधा व्यवधान गद्दारीका विरुद्ध निरन्तर रुपमा संघर्ष गर्दै क्रान्तिको झण्डालाई माथि उठाउने काम क्रान्तिकारीहरुले गरिरहेका छन् भन्ने कुरा भुल्नु हुँदैन । बरु वर्गसंघर्ष र पार्टीभित्र देखापर्ने दुईलाईन संघर्षमा क्रान्तिकारी पंक्ति झन स्पातिलो बन्दै आएका छन् । सर्वहारा वर्ग, सर्वहारा वर्गीय क्रान्तिका निमित्त खुसीको विषय हो । वर्गदुष्मनसँगको लडाइँमा वैचारिक तथा फौजी ज्ञान क्षमता भएका नेता, कार्यकर्ता वा मुख्यतः फौजी ज्ञान नभएका कमाण्डरले नेतृत्व गरेको युद्ध हारमा बदलिन्छ भने पार्टीभित्रको वैचारिक संघर्षमा कमजोर वैचारिक स्तर भएका नेता कार्यकर्ता पर्‍यो भने अवसरवाद हावी हुन पुग्छ । भर्खरै मात्र बादलहरुको वैचारिक विचलन तथा पलायनतामा समेत यही अवस्था देखा पर्‍यो ।

हाम्रो देशको यतिवेलाको वस्तुगत अवस्था भनेको स्वतन्त्र तवरबाट राष्ट्रिय पुँजीको विकास भएको अवस्था होइन । बरु अली अली विकास हुन खोजेको पुँजीवाद पनि साम्राज्यवादद्वारा निर्देशित दलाल पुँजीवाद हो । त्यसमा पनि उद्योग व्यवसाय चलाएर होइन अन्य देशहरुमा उत्पान गरिएका सामनको किनबेच गरेर । देशको यस्तो अवस्थामा कतिपयले पुँजीवाद आइसक्यो त कतिपयले जनवादी क्रान्ति पुरा भयो जस्ता वाहियात प्रकारका भ्रमहरु दिँदै आएका छन् । त्यसैले सवैखाले भ्रमबाट मुक्त हुँदै नयाँ जनवादी क्रान्तिका दुईवटा अभिभारा पुरा गर्न आवस्यक छ : १) सामन्तवादको अन्त्य २) साम्रज्यवादी हस्तक्षेपको अन्त्य ।

यतिवेला सामन्तवादको मूल प्रतिनिधि राजतन्त्रको अन्त्य त भयो तर सामन्तवादको हातमा रहेको राज्यसत्ता यतिवेला विदेशी दलालहरुको हातमा पुगेको छ । विदेशी दलालहरुको हातबाट सत्ता खोसेर सर्वहारा वर्गको हातमा नआईकन नयाँ जनवादी क्रान्ति पुरा हुन सक्दैन ।

त्यसकारण अहिलेको चरण भनेको नयाँ जनवादी क्रान्तिको चरण हो भन्ने विषयमा नेपालका सबै क्रान्तिकारीहरु स्पष्ट हुन आवश्यक छ । नयाँ जनवादी क्रान्तिको अभिभाराबाट तात्कालीन मालेको चौथो महाधिवेशनपछि हट्यो र केवल समाजवादी क्रान्तिको कुरा गरेर क्रमशः दक्षिणपन्थी संशोधनवाद हुँदै प्रतिक्रियावादी पतनको दिशामा पुग्यो । पछिल्लो चरण नयाँ जनवादी क्रान्तिका बाँकी कार्यभार पुरा गर्दै समाजवादी क्रान्ति भनेर तत्कालीन एमाओवादीको हेटौंडा महाधिवेशनले निर्णय गर्‍यो र नयाँ जनवादी क्रान्तिको अभिभारबाट पछिहटेर नव-संशोधनवादी यात्रा तय गर्‍यो । यतिवेला वादलहरुको एउटा गुट राष्ट्रिय जनवादको खुश्चोभी नारा दिएर भद्दा तवरबाट नयाँ जनवादी क्रान्तिको कठीन यात्राबाट भागेर उही एमाओवादीको समाजवादी क्रान्तिको पुरानो नारा दिदैं नव-संशोधनवादमा पलायन हुन पुगे । सर्वहारा वर्गले यस तवरबाट पलायन भएकाहरुको काफी मात्रामा भण्डाफोर गर्न आवश्यक छ । अहिलेको वर्तमान आवश्यकता भनेको क्रान्तिबाट पलायन भएका प्रचण्ड, बावुराम र वादलजस्ता दक्षिणपन्थी नव-संशोधनवादी तत्वहरुको भ्रमबाट मुक्त बनाउँदै नेपाली नयाँ जनवादी क्रान्तिको तयारी गर्नु हो । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)को ऐतिहासिक राष्टिय भेलाको आवश्यकता, त्यसको महत्व, यसले गर्ने निर्णयहरु र बुझाइको एकरुपताका साथै कार्यान्वयनको पक्षमा देखिने व्यवहारहरुलाई सर्वहारा वर्गले अत्यन्त नजिकबाट नियालिरहेका छन् । आशा गरेका छन्, विश्वास गरेका छन् ।

२. भर्खरै मात्र पार्टीबाट पलायन भएका वादल गुटको अर्को रवैया भनेको क्रान्ति कसरी पुरा गर्ने भन्नेसँग सम्बन्धित छ । सडक, सदन र सरकारबाट क्रान्ति पुरा गर्ने वादलको भ्रम छ । क्रान्तिको कुनै विशिष्ट अवस्थामा क्रान्तिकारीहरु सरकारमा जान सक्छन् । तर नेपालको वर्तमान अवस्थामा सरकारमा गएर क्रान्तिको नेतृत्व गर्ने भनेको मीलेराँले ल्याएको सिद्धान्त अनुरुपको मोडल हो । वर्तमान संविधानलाई मानेर त्यसलाई संस्थागत गर्ने वादलको बुझाईमा समाजवाद नआँउदासम्म सरकारमा गइराख्ने । यो भनेको मीलेराँले ल्याएको घोर दक्षिणपन्थी विचारको नेपाली प्रतिनिधिको अभिव्यक्ति हो । यद्यपि वादलले अत्यन्त भद्दा तवरबाट मिलेराँवाद भनेको आजको मार्क्सवाद हो भनेर समेत व्यक्त नगरेका होइनन् । यसबाट के देखा पर्छ भने वादलहरुको गुट माक्सवाद, लेनिनवाद, माओवादको वैचारिक आलोकबाट विचलित भएर मिलेराँवाद अँगाल्न पुगेको छ । नेपाली क्रान्तिमा यो अत्यन्तै नराम्रो विचलन हो ।

यसप्रकारको विचलनले नेपालको सर्वहारा वर्गीय आन्दोलनमा एउटा प्रश्न जन्माएको छ । त्यो के हो भने प्रचण्डले लोकतान्त्रिक संसदीय गणतन्त्रलाई संस्थागत गर्ने भनेर नयाँ जनवादी क्रान्तिको धारलाई छाडेपछि क.किरणको नेतृत्वमा हामीले विद्रोह गरेर पार्टीलाई नयाँ ढंगले पुनर्गठन गरेर आएका थियौं ।  जसमा वादल पनि घिसारिएर आउनुभयो । हामीले महासचिव जस्तो जिम्मेवारी दियौ तर नेपाली क्रान्तिको आधार तयार पार्नका निमित्त राजनैतिक, वैचारिक, सांगठानिक तथा वर्गसंघर्षका योजनाहरु जसरी अगाडि बढ्न पर्थ्यो, त्यो किन बढेन भनेर प्रश्न खड्किरहन्थ्यो । बनेका योजना तदारुकताका साथ कार्यान्वयनमा लैजानका निमित्त जुन भूमिका खेलिनपर्थ्यो, त्यो पनि खेलिएको देखिएन । कार्यकर्ताको तहबाट कैयौं प्रश्नहरु नउठेका पनि होइनन् । तर वादलको घोर अवसरवादी चरित्रलाई समयमा चिन्न नसक्दा क्रान्तिले पुनः एकपटक धोका खान वाध्य भयो ।

पार्टीको महासचिव जस्तो तहमा रहेका व्यक्तिहरु नै मिलेराँवादी चिन्तनबाट प्रभावित भएको अवस्थामा क्रान्ति अगाडि बढ्न सक्दैनथ्यो, त्यो बढेन पनि । यो प्रवृत्ति अगाडि नै एक्पोज भएको थियो भने त्यो राम्रो हुन्थ्यो । जे होस्, ढिलै भएपनि मालेमावादप्रति अविश्वास पैदा गर्दै मिलेराँवादलाई आजको मार्क्सवाद भन्दै नेपाली क्रान्ति र सर्वहारा वर्गलाई धोका दिएर नव-संसोधनवादमा पतन हुनुलाई जति भण्डाफोर गरेपनि अपुग नै हुन्छ । अझ सिद्धान्तले खान दिदैंन भनेर क्रान्तिकारी सिद्धान्तप्रति अनास्था पैदा गरेर सर्वहारा वर्गविरोधी वर्गको भाषा बोल्नेहरुलाई विचारको संज्ञा दिनुबाहेक के पो गर्न सकिन्छ र ?

अन्तमा, मिलेराँवादजस्तो प्राणघातक रोगको भयंकर ठूलो संक्रमणबाट बचेका सबै क्रान्तिकारीहरुलाई पुनः एकपटक लालसलाम ! साम्राज्यवादी, विस्तारवादी तथा सबै प्रकारका संशोधनवादी जीवित रहँदासम्म क्रान्तिकारी विचार, आदर्श सर्वहारावर्गीय क्रान्ति र सर्वहारालाई समाप्त बनाउन पटक पटक यसप्रकारका रोगहरु फैलिरहन्छन्, फैलाइरहन्छन् भन्ने कुरा सर्वहारा वर्गले बुझ्न आवश्यक छ । सबै प्रकारका रोगका संक्रमणबाट बच्न मार्क्सवाद, लेनिनवाद, माओवादको वैचारिक ज्ञान सिद्धान्त र चेतनाबाट आफूलाई लैस बनाऔं ।  वर्गपक्षधरता र वर्गसंघर्षप्रति प्रतिवद्ध रहँदै सर्वहारावर्गलाई एकढिक्का बनाऔं । त्याग, वीरता र वलिदानको इतिहास कायम राख्दै अगाडि बढ्न राष्ट्रिय भेला सफल पारौं !

## वर्तमान संविधानलाई ...

संविधानसभालाई भंग गरेर अर्को तरिकाबाट संविधान जारी गरे । त्यसकारण जनताको प्रतिनिधिले बनायो भनेर त्यसलाई मान्नु पर्दछ भन्ने होइन कि बनाएको संविधानले कुन वर्गको हितमा काम गर्दछ भन्ने कुरा मुख्य हो । यो संविधान आम जनता, मजदुर, किसानको हितमा छैन । मुठ्ठिभर शोषकवर्ग, दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गको हितमा छ । त्यसकारण आम शोषित, पीडित श्रमिक जनताको लागि यो मान्य छैन । यो संविधानले व्यवस्था गरेको प्रतिनिधिसभामा मजदुरको प्रतिनिधि कहाँ छ ? कृषिप्रधान देश, जहाँ किसानहरूको वाहुल्यता छ, उनीहरूको प्रतिनिधि कहाँ छन् ? यसकारण जनताले चुनेको प्रतिनिधिले बनाएको भन्ने प्रश्न मुख्य होइन । मुख्य प्रश्न त्यसले बहुसंख्यक जनताको हितमा काम गर्छ कि गर्दैन भन्ने हो ।

अहिलेका कथित प्रतिनिधिहरू भनेका विदेशीहरूको इशारामा एउटा कर्मचारीप्रधान न्यायधिश नेतृत्वमा सरकार गठन गरेर वास्तविक जनताका प्रतिनिधिहरू संविधानसभामा आउन नसकून् भन्ने षड्यन्त्रसहित गरिएको निर्वाचनबाट आएका प्रतिनिधिहरू हुन् । त्यो षड्यन्त्रसहित गरिएको निर्वाचनलाई ठूलो जनपंक्तिले बहिष्कार गरेको थियो । योजनाबद्ध तरिकाले शोषकवर्गको पक्षपोषण गर्ने प्रतिनिधिहरू जितेर आउने तरिकाले गरिएको कथित् दोस्रो संविधानसभाको चुनावी परिणामले नै जनविरोधी संविधान ल्याउने झल्को दिइसकेको थियो । त्यसैकारण, हामीले त्यसैबेला घोषणा गरेका थियौं कि यो संविधानसभाले जनताको पक्षमा संविधान बनाउदैन भनेर । आखिर हुन त्यही गयो ।

सम्बोधन हुन नसकेका विषयहरू संशोधन गरेर पूरा गरिन्छ भन्ने तर्क पनि रिदैछ । संशोधन गर्ने कुराहरू संविधानको मूल चरित्रभित्र रहेर मात्र गरिने हो । संसारमा संसदीय व्यवस्थाका संविधानहरू धेरै पटक संशोधन भएका छन् । तर जतिपटक संशोधन भएपनि त्यसको मूल प्रतिक्रियावादी चरित्रमा परिवर्तन हुँदैन । त्यसकारण अब यस्तो प्रतिक्रियावादी संविधानमा हुने सामान्य प्रकारको संशोधनले नेपाली श्रमिक जनताको वास्तविक मुक्ति गर्दैन । त्यसकारण हामीले आमूल परिवर्तनको दिशातिर नै आन्दोलनलाई केन्द्रित गर्नु पर्दछ । यति हुँदाहुँदै पनि श्रमिक जनताको पक्षमा हुने, राष्ट्रिय स्वाधीनताको पक्षमा हुने संशोधनहरूलाई हामीले समर्थन गर्नुपर्दछ, त्यसको लागि पनि संघर्ष गर्नुपर्दछ ।

भारतीय विस्तारवादी शासकहरूको सहमतिविना यो संविधान जारी भएकोले मोदी सरकारले अघोषित नाकाबन्दी लगायो । यो भारतीय विस्तारवादको नेपालको सार्वभौमिकतामाथि नाङ्गो हस्तक्षेप हो । यसको हामीले विरोध गर्नैपर्दछ । तर यस प्रकारको अवस्था आउन दिनुमा अर्थात् भारतीय विस्तारवादी शासकहरूलाई चलखेल गर्ने अवसर दिनुमा नेपालमा प्रमुख राजनीतिक दल नेका, एमाले र एमाओवादी नै जिम्मेवार छन् । मधेशी, आदिवासी जनजातिहरूले उठाउँदै आएका जायज मागहरूलाई सम्बोधन नगरीकन संविधान जारी गर्नाले विस्तारवादलाई खेल्ने अवसर प्राप्त भयो । त्यसकारण यसको लागि प्रमुख तीन राजनीतिक दलहरू नै जिम्मेवार छन् ।

अब हामीले यो प्रतिक्रियावादी संविधानप्रति कस्तो नीति अपनाउने ? यो मुख्य प्रश्न हो । एउटा सच्चा कम्युनिष्टहरूको मुख्य काम भनेको यो प्रतिक्रियावादी संविधानको भण्डाफोर र विरोध गर्नु नै हो । जहाँसम्म त्यस संविधानमा रहेका गणतन्त्र, संघीयता, धर्मनिरपेक्षताजस्ता सकारात्मक पक्षहरू छन्, त्यसमाथि हुने आक्रमणको विरोध गर्दै आमूल परिवर्तनको दिशामा अगाडि बढ्नु पर्दछ ।

यो गणतन्त्र बुर्जुवा गणतन्त्र हो । कम्युनिष्टहरूको उद्देश्य बुर्जुवा गणतन्त्र मात्र होइन । चीनमा १९११ मा गणतन्त्र आएको थियो । कम्युनिष्ट पार्टीको स्थापना १९२१ भयो । गणतन्त्र आए पनि त्यहाँको अवस्था अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक नै थियो । त्यसकारण माओले समाजवादमा पुग्न नयाँ जनवादी क्रान्तिको नीति ल्याउनु भएको थियो । संघीयता पुँजीवादी व्यवस्थामा पनि हुन्छ । समाजवादी व्यवस्थामा पनि हुन्छ । अहिले नेपालमा संघीयता पुँजीवादी व्यवस्थाभित्रकै संघीयता हो । धर्म निरपेक्षता पुँजीपतिहरूलाई पनि मान्य कुरा हो । त्यसकारण बुर्जुवा गणतन्त्र, संघीयता र धर्म-निरपेक्षताको रक्षा गर्ने काम मूलतः पुँजीपतिहरूको नै हो । सर्वहारा वर्ग, कम्युनिष्टहरूको काम भनेको जनवादी क्रान्ति गर्दै समाजवादी क्रान्तिमा जाने हो । त्यसकारण, एमाले, माओवादी केन्द्रदेखि राष्ट्रिय जनमोर्चासम्मले, जसले आफूलाई कम्युनिष्ट भन्दछन्, ले यो संविधानको रक्षा गर्ने कुरालाई मुख्य जोड दिएका छन्, त्यो नीति सरासर गलत छ । त्यो नीति संशोधनवादी नीति नै हो । त्यसकारण नीतिमा गल्ती नगर्ने हो भने संसदीय व्यवस्थाको पक्षपोषण गर्ने प्रतिक्रियावादी संविधानको भण्डाफोर र विरोधमा नै मुख्य जोड दिनु पर्दछ ।

## नवसंशोधनवादी आँधी ...

संघर्षको दिशाको स्पष्ट खाका दिनु पर्दछ । चार, जनजीविका, जनतन्त्र र राष्ट्रिय स्वाधिनताका निम्ती तात्कालिक संघर्षका ठोस तथा वस्तुवादी योजनाहरू निर्माण गर्नु पर्दछ । पाँच, हामीले हाम्रो देशको विशिष्ट सन्दर्भमा नयाँ जनवादी क्रान्तिको राजनीतिक तथा सैन्य कार्यदिशालाई आवश्यक परिमार्जन सहित समृद्ध गर्नु पर्दछ भन्दै आएका छौं । तर, हामीले यो सबै काम यही भेलाबाट सम्पन्न गर्न सक्दैनौं । अध्ययन र अनुसन्धानको कामलाई योजनाबद्ध ढलि अगाडि बढाएर आगामी राष्ट्रिय सम्मेलन सम्ममा त्यसलाई पुरा गर्ने गरी अहिले यो भेलाबाट हामीले त्यसको एउटा मूर्त योजना निर्माण गरी अगाडि बढ्नु पर्दछ । एउटा मात्र वाक्यमा भन्ने हो भने नेकपा (क्रान्तिकारी माओवादी)को यो भेलाले विचार तथा राजनीतिमा मालेमावादलाई पुनर्स्थापित गरेर संगठन र संघर्षका क्षेत्रमा एउटा सानो भएपनि क्रमभंग गरेको छ भन्ने अनुभुति दिलाउन सक्नु पर्दछ । आउनुस् हामीहरू यसैका लागि प्रयत्नशील बनौं ।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रधान सम्पादक** : कुमार शाह, **सम्पादक** : इन्द्र राउत, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ९८५११३४८३०, **इमेल** : bargadrishti073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं